# अध्याय एक

# शोधपरिचय

## १.१ पृष्ठभूमि

नेपाली साहित्यका विविध विधाहरू मध्ये निबन्ध एक प्रमुख विधा हो । साहित्यका दुई भेद श्रव्य र दृश्यमध्ये निबन्ध श्रव्य भेद हो । निबन्ध शब्द बन्ध शब्दमा 'नि' उपसर्ग लागेर बनेको शब्द हो । निबन्ध शब्द संस्कृत भाषाबाट नेपालीमा आएको तत्सम शब्द हो । यसले अहिले अङ्ग्रेजीमा 'एस्से' पर्यावाची अर्थ दिन्छ । एस्से शब्दको प्रयोग गर्ने व्यक्ति सर्वप्रथम फ्रान्सेली लेखक माइकल द मोन्तेन हुन् । उनले निबन्धको विषयमा आफैं छु किनकी मैले आफैलाई निबन्धमा प्रस्तुत गरेको हुन्छ भन्दै निबन्धलाई आत्म प्रकाशनको प्रयत्न गरेका छन् । निबन्धलाई सरल र जटिल गरी दुई वर्गमा विभाजन गरिएको छ । नेपाली साहित्यमा निबन्धलाई कान्छो साहित्यिक विधाको रूपमा लिने गरिन्छ ।

नेपाली निबन्धको पृष्ठभूमि केलाउँदा भाषाका लेख्य रूपको प्रारम्भसम्म पुग्नुपर्ने हुन्छ । नेपाली भाषामा लेख्य रूपको आरम्भपछि देखा परेको अभिलेख ग्रन्थहरूमा सर्वप्रथम नेपाली गद्यको प्रयोग भएको भेटिन्छ । पृथ्वीनारायण शाहको दिव्योपदेश (१८३१) बाट नै निबन्धको प्रारम्भ भएको ठान्नुपर्छ । यस गद्यमा निबन्धका केही मूल्यहरू पाइएकाले यसलाई नै निबन्धको प्रारम्भ विन्दु मानिन्छ । निबन्धका सम्बन्धमा पाश्चात्य विद्वान् तथा पूर्वीय विद्वान्हरूले भिन्न भिन्न दृष्टिकोण व्यक्त गरेको पाइन्छ । यस प्रकार गद्य भाषामा लेखिएको जीवनजगतकै विषयवस्तु भाव र विचारलाई प्रस्तुत गरिएको हुन्छ । जसमा निबन्धकारले आफ्ना निजी अनुभूति र तथ्यलाई स्वीकार गर्न पाठक समक्ष आग्रह गरेका हुन्छन् ।

मानिस एउटा चेतनशील प्राणी हो । चेतन मनमा रहेर विभिन्न चिन्तन तथा विचारहरू केलाउने गर्दछ । उसले आफूमा भएको ज्ञान राशीका आधरमा विभिन्न वाक्यहरु निर्माण गर्छ । यसै कारणले होला व्यक्तिले सीमित घेराभित्र असिमित विचार अभिव्यक्ति गर्न सकेको, व्यक्ति आफ्नो साधनामा लागिरहेमा परिपक्वता, स्तरीयता, प्रौढता हुँदै जान्छ र निबन्ध पनि त्यसरी नै प्रौढ बन्दै जान्छ । अभिव्यक्तिको सीमामा जति परिपक्वता आयो निबन्ध पनि त्यति नै परिपक्क बन्दै जान्छ । निबन्धको सम्बन्ध साहित्यका विभिन्न विधाहरूसँग हुन्छ । कथा, कविता, नाटक, उपन्यासका बिचमा केही अन्तरसम्बन्ध पनि

भेटिन्छ । हाँस्यव्यङ्ग्य रूप अँगालेर निबन्धले जल्दाबल्दा निबन्धकारका रूपमा शंकर लामिछानेलाई लिने गरेको पाइन्छ ।

निबन्धलेखन उल्लिखित चार सीपमध्ये लेखन सीपअन्तर्गत पर्दछ जुन केही जटिल मानिन्छ । लेखन सीप विकासका लागि निबन्धलेखनलाई एक उत्कृष्ट विधाका रूपमा लिइन्छ । किनभने निबन्धलेखनमा लेखाइ सम्बन्धी सम्पूर्ण ढङ्ग, ढाँचा र लेखाइको मानक रूपमा विश्वास गरिन्छ । सफल निबन्धले लेखाइको प्रौढताको सङ्केत गर्दछ । विद्यार्थीहरूमा लेखन सीपको विकास भइसकेपछि लेखनबाट नै जीविकोपार्जन गर्न सकिने हुनाले निबन्धलेखन गराउन जरुरी छ ।

भाषा विचार विनियमको माध्यम हो । भाषा शिक्षणको खास उद्देश्य भाषाका चार सीपहरू (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) को विकास गर्नु रहेको छ । उल्लिखित भाषाका चार सीपहरूमा विद्यार्थीहरूलाई सक्षम बनाउनको निमित्त भाषा शिक्षण गरिएको हुन्छ । भाषाका यी चारै ओटा सीपहरू एकअर्कासँग सम्बन्धित हुन्छन् । निबन्धलेखन आफ्नो विचार, दृष्टिकोण तथा चिन्तन अभिव्यक्त गर्ने वस्तुगत रूपमा घटना वस्तुस्थिति आदि सम्बन्धी अभिव्यक्ति दिने मह□वपूर्ण माध्यम हो । निबन्ध साहित्यको चार विधामध्ये अत्यन्त मह□वपूर्ण विधा हो ।

यस प्रकार वास्तविक र काल्पनिक विषयवस्तुमा केन्द्रित छोटो, छरितो, पोटिलो, खदिलो, सुसङ्गठित तथा आलङ्कारिक भाषाशैलीमा उनिएको अनुच्छेदमा विभक्त हार्दिक अनुभूतिको रागात्मक पोखाइ, ललित गद्य बन्धनमा बाँधिएका साहित्यक रचनालाई नै निबन्ध भनिन्छ ।

## १.२ समस्या कथन

अनुसन्धान गर्नकालागि छानिएको विषयवस्तु नै अनुसन्धानको समस्या हो । अनुसन्धानको शीर्षक भन्नु र समस्या भन्नु एउटै हो । त्यसैले भाषाका चारै सीपहरू सुनाइ, बोलाइ, पढाइ, लेखाइ एक आपसमा अर्न्तसम्बन्धित रहेका छन् । यीमध्ये सर्वप्रथम सम्प्रेषणका लागि बोलाइ र सुनाइबाट मात्र काम चलाइन्छ । त्यसपछि पढाइ र लेखाइले भाषाको लेख्यरूपको प्रतिनिधित्व गर्छ । लेखेर जीविका चलाउनेहरूका लागि आवश्यक एवम्

आधारभूत सीप बन्न जान्छ । त्यसैले विद्यालयका तल्ला तहदेखि नै विद्यार्थीहरूमा लेखन सीप विकास गर्दै लैजानु आवश्यक देखिन्छ ।

त्यसैले नि.मा.वि.तहको कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन गर्ने उद्देश्यले शीर्षकसँग सम्बन्धित समस्या कथनहरू निम्नानुसार रहेका छन् :

(क) कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता के कस्तो रहेको छ ?

(ख) उक्त कक्षामा अध्ययनरत सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थीहरुको निबन्ध क्षमता लेखन कस्तो छ ?

(ग) लैङ्गिकताका आधारमा छात्र र छात्राहरूको निबन्धलेखन क्षमताको तुलनात्मक स्थिति कस्तो छ ?

(घ) भाषिक पृष्ठभूमिका आधारमा नेपालीभाषी र दोस्रोभाषीका विद्यार्थीहरू निबन्धलेखनको तुलनात्मक स्थिति कस्तो छ ?

## १.३ अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनका उद्देश्य निम्नलिखित रहेका छन् :

(क) कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता अध्ययन गर्नु,

(ख) सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलना गर्नु,

(ग) उक्त कक्षाका छात्र र छात्रहरूको निबन्धलेखन क्षमताका तुलनात्मक अध्ययन गर्नु,

(घ) उक्त कक्षाका नेपालीभाषी र दोस्रोभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन गर्नु ।

## १.४ अध्ययनको सान्दर्भिकता र उपादेयता

भाषा मानवीय एवम् सामाजिक वस्तु हो । भाषको महत्वपूर्ण कार्य भनेको विचार आदान प्रदान गर्नु हो । मौखिक र लिखित दुवै माध्यमबाट सन्देश वा विचार आदान-प्रदान

गरिन्छ । त्यसैले प्रारम्भिक तहबाट नै लेखाइसीप विकास गर्नु आवश्यक देखिन्छ । विद्यार्थीहरूमा विकसित लिखित क्षमता पहिचान गर्ने प्रमुख आधार निबन्धलेखन भएको हुँदा यस अध्ययनमा विद्यार्थीहरूको निबन्धलेखन क्षमता अग्रभूमिका रूपमा स्थापित गरिएको छ ।

निबन्ध सृजनात्मक लेखनको एउटा मह वपूर्ण गोरेटो भएको हुँदा निबन्ध आफैमा गहन र जटिल विधा हो । सिर्जनात्मक अभ्यासको शीर्षकमा समसामायिक विषयवस्तु समावेश गरी अभ्यास गराउने उद्देश्यले नेपाली विषयका पाठ्यपुस्तकमा निबन्धलेखन प्रक्रियालाई जोड दिएको पाइन्छ । यसै सन्दर्भमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययनले विद्यार्थीहरूको निबन्धात्मक क्षमता पहिचान गरी सोही आधारमा कक्षा शिक्षण गर्न सहयोग गर्दछ । साथै फरक फरक भाषिक पृष्ठभूमि भएका विद्यार्थीहरूको निबन्धलेखन क्षमता पहिचान गर्न मार्गदर्शक बन्ने आशा गरिएको छ । समयको अन्तरालसँगै पाठ्यपुस्तक पाठ्यसामग्री निर्माण र परिमार्जन गर्न सहयोग गरिएको अनुसन्धानमा सान्दर्भिक भएका प्रश्नहरू राखी यिनै प्रश्नहरूको गम्भीर र समस्या समाधान गर्न प्रस्तुत अध्ययन केन्द्रित रहन्छ । यिनै विधि समस्याको समाधान गर्न सकिने हुँदा प्रस्तुत अध्ययन औचित्यपूर्ण हुन जान्छ । यसरी अध्ययनको औचित्य निम्नानुसार रहेको छ :

(क) विद्यार्थीहरूमा विकसित लिखित क्षमता पहिचान गर्न,

(ख) विद्यार्थीहरूमा सिर्जनात्मक सीप कथा, चिठी तथा अनुच्छेद लेखनसीपको विकास गर्न,

(ग) शुद्ध, सापेक्ष, प्रासङ्गिक रूपमा निबन्ध लेखी निबन्धलेखनमा दक्षता प्राप्त गर्न,

(घ) विद्यार्थीहरूमा सृजनात्मक क्षमताको विकास गर्न,

(ङ) फरक फरक भाषिक पृष्ठभूमि भएका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको पहिचान गर्न,

(च) सयमको अन्तरालसँगै पाठ्यपुस्तक, पाठ्यसामग्री, निर्माण तथा परिमार्जन गर्न,

(छ) कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको समस्या पत्ता लगाउन र समस्या समाधान गर्न,

ज. शिक्षा, स्वास्थ्य, सञ्चार, वैज्ञानिक कार्य एवम् प्रशासनिक कार्यमा लिखित स्वरूप उपयोग गर्न ।

## १.५ परिसीमा

जुनसुकै अध्ययनको थालनी गर्नका लागि कुनै पनि क्षेत्रको तथा सीमाको आवश्यक पर्छ । जसअन्तर्गत ठाउँ, परिवेश, सामग्री आदि जस्ता वस्तुको प्रयोग अनुसन्धान आवश्यक हुन्छ । अध्ययनको सम्पूर्ण पक्षमा रूप समेट्न नसकिने भएकाले यसको व्यापक गहिराईलाई निश्चित क्षेत्रमा सीमित गर्नुपर्ने हुन्छ ।

(क) प्रस्तुत अध्ययन झापा जिल्ला वपरिपरिका नमुना छनोटमा परेका सामुदायिक र संस्थागत गरी १०/१० जनाका दरले आठ ओटा विद्यालयका ८० जना विद्यार्थीहरूमा मात्र सीमित रहेको छ ।

(ख) प्रस्तुत अध्ययन झापा जिल्लाका सामुदायिक र संस्थागत विद्यालयका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको लेखन क्षमता पत्ता लगाउन गरिएको छ ।

(ग) प्रस्तुत अध्ययन लैङ्गिकताका आधारमा छात्र र छात्रा बिचको तुलनात्मक अध्ययनमा मात्र सीमित रहेको छ ।

(घ) प्रस्तुत अध्ययन भाषिक पृष्ठभूमिका आधारमा पहिलोभाषी र दोस्रो विमातृभाषी विद्यार्थीहरूको तुलनामा मात्र सीमित रहेको छ ।

(ङ) सीमित निबन्धका शीर्षकमा मात्र विद्यार्थीहरूको लेखेका आधारमा मूल्याङ्कन गरिएको छ ।

## १.६ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखा निम्नानुसार रहेको छ :

अध्याय एक : शोधपरिच

अध्याय दुई : पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक प्रारूप

अध्याय तिन : अध्ययनविधि र प्रक्रिया

अध्याय चार : व्याख्या तथा विश्लेषण

अध्याय पाँच : सारांश, निष्कर्ष र उपयोगिता

सन्दर्भसूची

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय दुई

## पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक प्रारूप

### २.१ पूर्वकार्यको पुनरावलोकन

कुनै पनि विषयमा अनुसन्धान गर्नुपूर्व त्यस विषयसँग सम्बन्धित भए गरेका अनुसन्धानात्मक कार्यको समीक्षा गर्नु नै पूर्वकार्यको पुनरावलोकन हो । ती पूर्व अनुसन्धानात्मक सामग्रीको अध्ययनबाट नयाँ कुराको खोजी गर्न, शोधको नियम, सीमा निर्माण गर्न, उद्देश्य विधि तथा समस्याको पहिचान गर्न समेत सहयोग पुर्याउँछ । विगतका अध्ययन अनुसन्धान र अभिलेखहरूले वर्तमानलाई घच्घच्याई गतिशीलता प्रधान गर्छ । आफुले गर्न लागेको अध्ययन सही छ कि छैन भन्ने बारेमा पनि जानकारी प्राप्त हुने हुँदा पुनरावलोकन गर्न आवश्यक देखिन्छ ।

प्रस्तुत शोधकार्य कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन शीर्षकसँग सम्बन्धित पूर्व अनुसन्धानका आधारमा मात्र नगरिएको तर लेखाइसँग सम्बन्धित शीर्षकमा विभिन्न अनुसन्धानत्मक कार्य भए पनि अन्य व्यतिरेक, त्रुटि विश्लेषण, चिह्नको प्रयोग आदि जस्ता अध्ययन सीमित मात्रामा भएको पाइन्छ । हालसम्म निबन्ध विधा शिक्षण तथा निबन्धलेखन अभिव्यक्ति क्षमताजस्ता लेखाइसीपसँग सम्बन्धित पक्षका बारेमा फाटफुट रूपमा अध्ययन गरिएको पाइन्छ ।

लामिछाने (२०५७) द्वारा नेपाली भाषा शिक्षण परिचय नामक पुस्तकमा माध्यमिक तहमा विभन्नि विधाहरूको शिक्षण के कसरी गर्नुपर्दछ भन्ने कुरा निर्देश गरिएको छ । यसरी निर्देश गर्ने क्रममा एकाइ ११ मा लेखाइ शिक्षण सम्बन्धी निर्देश गरिएको छ । यस एकाइमा लेखाइ शिक्षणको आवश्यकता, लेखाइ शिक्षणको क्रियाकलाप, माध्यमिक तहमा लेखाइ शिक्षणको मह□व, निर्देशित, स्वतन्त्र र सिर्जनात्मक लेखाइ, लेखाइमा पाइने कमजोरीहरू र तिनका निराकरणका उपाहरू र लेखाइ शुद्धीकरण जस्ता पक्षहरूलाई औल्याइएको पाइन्छ । एकाइ १९ मा निबन्ध शिक्षण रहेको छ । यस एकाइमा निबन्ध शिक्षणको प्रयोजन, निबन्ध शिक्षणका विधिहरू निबन्ध शिक्षणको क्रम र निरन्तरता निबन्ध शिक्षणको कार्यकलाप रहेको पाइन्छ ।

निरौला (२०६२) द्वारा 'कक्षा आठ पुरा गरेका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन' नामक शोधपत्रमा विद्यार्थीहरूको निबन्धलेखन क्षमता अभिव्यक्तिको साथै सृजनात्मक क्षमताको विकास के कसरी गर्न सकिन्छ भन्ने बारेमा जानकारी दिइएको छ । यसको उद्देश्य कक्षा आठ पुरा गरेका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन गर्नु, सामुदायिक तथा संस्थगत विद्यालयका विद्यार्थीहरूका निबन्धलेखन क्षमताको तुलना गर्नु, भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीको निबन्धलेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु, छात्र छात्राहरूको निबन्धलेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु रहेको छ । उक्त शोधपत्रमा विद्यार्थीको निबन्धलेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु रहेको छ । उक्त शोधपत्रमा सामग्री सङ्कलन विधिमा केन्द्रित रही काठमाडौं उपत्यका भित्रका सामुदायिक तथा संस्थागत विद्यालयका कक्षा आठ पुरा गरेका विद्यार्थीका निबन्धलेखन क्षमताको अध्ययन गरिएको छ । यसबाट काठमाडौं उपत्यका भित्रका विद्यार्थीहरूको निबन्धलेखन क्षमता सन्तोषजनक रहेको निष्कर्ष निकालिएको छ ।

दौल्याल (२०६४) द्वारा 'कञ्चनपुर जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन' नामक शोधपत्रमा कञ्चनपुर जिल्ला भित्र पर्ने जम्मा आठ ओटा विद्यालयबाट १०/१० जनाका दरले जम्मा ८० जना विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन गरिएको छ । प्रस्तुत अध्ययनका उद्देश्यहरू कञ्चनपुर जिल्लामा कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन गर्नु, लैङ्गक, भाषिक पृष्ठभूमि र विद्यालयको प्रकृतिको आधारमा, विद्यार्थीहरूको निबन्धलेखन क्षमता सन्तोषजनक नभएको निष्कर्ष निकालिएको छ ।

रोकाय (२०६५) द्वारा 'कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन' नामक शोधपत्र प्रस्तुत अध्ययनसँग मिल्दो शोधपत्र हो । यस शोधपत्रमा काठमाडौं उपत्यका अन्तर्गत रहेका जम्मा आठ ओटा विद्यालयबाट १०/१० जनाका दरले ८० जना विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन गरिएको छ । जसमा भाषिक पृष्ठभूमि र लैङ्गिकताका आधारमा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । उद्देश्य पूरा गर्न सर्वेक्षण विधि र प्रयोगात्मक विधि प्रयोग गरिएको छ साथै अध्ययनबाट कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता सन्तोषजनक नरहेको निष्कर्ष निकालिएको छ ।

चापागाइँ (२०६६) द्वारा 'कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन' नामक शोधपत्र बाग्लुङ र पर्वत जिल्ला भित्र रहेका ग्रामीण क्षेत्र र सहरी क्षेत्रका १०/१० वटा उच्च मा.वि. का १०/१० जनाका दरले जम्मा १०० जना विद्यार्थीहरूमा केन्द्रित रही निबन्धका अध्ययन गरिएको छ । उक्त शोधपत्रका उद्देश्यहरू नेपाली मातृभाषी र विमातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु लैङ्गिक आधारमा छात्र र छात्राहरूको तुलना गर्नु, ग्रामीण र सहरीया क्षेत्रका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलना गर्नु र समग्र बाग्लुङ र पर्वत जिल्लाका विद्यार्थीहरूको निबन्धलेखन क्षमता कमजोर रहेको देखाइएको छ । साथै लैङ्गिक आधारमा हेर्दा छात्रहरूको तुलनामा छात्राहरू निबन्धलेखन क्षमतामा केही स्तरीय देखाइएको निष्कर्ष उल्लेख छ ।

आचार्य (२०६७) द्वारा 'स्याङजा जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन' शीर्षकको शोधपत्र तयार परिएको छ । उक्त अध्ययनको उद्देश्य स्याङ्जा जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको पहिचान गर्नु हो । स्याङ्जा जिल्लाका सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन गर्नु, पहिलो नेपालीभाषी र दोस्रोभाषी विद्यार्थीहरूको तुलनात्मक अध्ययन गर्नु, लैङ्गिक आधारमा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु, उपयुक्त विद्यार्थीहरूमा निबन्धलेखन सम्बन्धी के कस्ता कमीकमजोरीहरू छन् पत्ता लगाउनु र सुधारका निम्ति सुझाव दिनु छ । स्थलगत अध्ययन विधिलाई मुख्य विधिका रूपमा ल्याइएको छ । त्यसका निमित्त स्याङ्जा जिल्लाका चार ओटा सामुदायिक र संस्थागत विद्यालयका फरक-फरक पृष्ठभूमि भएका प्रत्येक विद्यालय १०/१० जनाका दरले ८० जना विद्यार्थीहरूलाई नमुना जनसङ्ख्याको रूपमा लिइएको छ । उक्त अध्ययनमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको तुलनामा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता उच्च देखिन्छ भने छात्रको तुलनामा छात्राहरूको निबन्धलेखन क्षमता राम्रो देखिन्छ । त्यस्तै नेपाली दोस्रोभाषी विद्यार्थीहरूको तुलनामा पहिलो नेपालीभाषी विद्यार्थीहरुको निबन्धलेखन क्षमता राम्रो देखिन्छ ।

खनाल (२०६७) द्वारा 'कास्की जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन' शीर्षकका शोधपत्र तयार गरिएको छ । प्रस्तुत

अनुसन्धानको मूल उद्देश्य कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको पहिचान गर्नु, भाषिक पृष्ठभूमिका आधारमा नेपालीभाषी र दोस्रोभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमताका तुलनात्मक स्थिति पहिल्याउनु लैङ्गिकताका आधारमा छात्र र छात्र विद्यार्थीहरूका निबन्धलेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याई सुझाव दिनु रहेको छ । अनुसन्धानमा मूलतः क्षेत्रीय अध्ययन विधिलाई अपनाइएको छ । अनुसन्धानमा कास्की जिल्ला ५ वटा संस्थागत र ५ वटा सामुदायिक विद्यालयका १०/१० जना विद्यार्थीहलाई नमुना जनसङ्ख्याको रुपमा छनोट गरिएको छ । उक्त अध्ययन अनुसार सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरुको निबन्धलेखन क्षमता राम्रो देखिएको छ । भाषिक पृष्ठभूमिका आधारमा दोस्रोभाषीभन्दा नेपाली मातृभाषी विद्यार्थीहरुको निबन्धलेखन क्षमता राम्रो देखिएको छ ।

खड्का (२०६९) द्वारा 'रुकुम जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरू निबन्धलेखन क्षमताको अध्ययन' नामक शोधपत्र प्रस्तुत निबन्धसँग मिल्दोजुल्दो अध्ययन हो । यसमा विद्यार्थीहरूको निबन्ध क्षमताको विकासको सँगै सृजनात्मक क्षमताको विकास कसरी गर्ने भन्ने बारेमा जानकारी दिइएको छ । प्रस्तुत अध्ययनबाट रुकुम जिल्लाका कक्षा १० का विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन गरिएको छ । यो अध्ययन क्षेत्रीय विधि र प्रयोगात्मक विधिमा आधारित छ । उक्त अध्ययनको विश्लेषण विद्यालयको प्रकृति विद्यार्थीहरूको भाषिक पृष्ठभूमि र स्थानीयताका आधारमा गरिएको छ । जसमा विद्यार्थीहरूको निबन्धलेखन क्षमताका बिचमा तुलनात्मक विश्लेषण गरिएको छ ।

खनाल (२०७०) द्वारा 'कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन' शीर्षकको शोधपत्र गुल्मी जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता पत्ता लगाउने उद्देश्यले तयार पारिएको छ । अनुसन्धानका क्रममा गुल्मी जिल्लाका कक्षा सातमा अध्ययनरत चार वटा सामुदीयक र चार वटा संस्थागत गरी आठ विद्यालयका ८० जना विद्यार्थीलाई नमुना जनसङ्ख्याको रूपमा छनोट गरिएको छ । उक्त अध्ययन अनुसार सामुदायिक विद्यालयका विद्यार्थीहरूको भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता राम्रो छात्र भन्दा छात्राको निबन्धलेखन क्षमता राम्रो र भाषिक पृष्ठभूमिका आधारमा दोस्रोभाषीभन्दा नेपालीभाषी पहिलो विद्यार्थीहरूको निबन्धलेखन क्षमता राम्रो भएको देखिन्छ ।

यसरी माथि उल्लेख गरिए अनुसार निबन्धलेखन क्षमताको अध्ययन शीर्षकमा अन्य क्षेत्रमा अनुसन्धान भएको पाइएता पनि झापा जिल्ला कक्षा आठमा अध्ययनरत विद्यार्थीको निबन्धलेखन क्षमता शीर्षकमा अहिलेसम्म कहीँ कतै अध्ययन गरेको नपाइएकाले यस शीर्षकलाई नै अध्ययनको विषय छानेकी हुँ । अनुसन्धानमा पूर्वकार्यको पुनरावलोकन अत्यन्त मह□वपूर्ण हुन्छ । अनुसन्धानलाई उपलब्धिपूर्ण बनाउन र नवीन धारणा पहिल्याउन अनुसन्धानको ढाँचा पत्ता लगाउन पूर्वकार्यको अध्ययनले मद्दत गरेको छ । पूर्वकार्यको अध्ययनले समस्याको विशिष्टिकरण गर्न, सैद्धान्तिक पृष्ठभूमि प्राप्त गर्न, परिभाषिकरण गर्न सम्भावित त्रुटिबाट जोगिन सहयोग गर्दछ र आफुले गर्न लागेको अनुसन्धान नयाँ र मह□वपूर्ण छ कि छैन भनी जानकारी प्राप्त गर्न पूर्वकार्यको समीक्षा गर्नु आवश्यक हुन्छ । वर्तमानले भविष्यको सङ्केत गरे जस्तै पूर्वकार्यले वर्तमान अनुन्धानलाई उद्देश्यमूलक बनाई सोहीबमोजिम अगाडि बढाउन पूर्वकार्यको पुनरावलोकन मह□वपूर्ण हुन्छ ।

## २.२ निबन्धको सैद्धान्तिक परिचय

### २.२.१ पृष्ठभूमि

सृजनात्मक साहित्यका विविध विधामध्ये निबन्ध एक प्रमुख विधा हो । साहित्यका श्रव्य र दृश्य भेदमध्ये श्रव्य भेद अन्तर्गत पर्ने आख्यानेतर गद्य विधा हो । निबन्ध शब्द संस्कृत भाषाबाट नेपालीमा आएको तत्सम शब्द हो । बन्ध धातुमा 'नि' उपसर्ग लागेर बनेको शब्द निबन्ध हो । निबन्ध शब्दको व्युत्पत्तिमूलक अर्थ 'राम्ररी बाँध्ने काम' भन्ने हुन्छ । जीवन जगत्का कुनै विषयलाई सौन्दर्यको गद्य भाषाका माध्यमबाट लघु आयाममा प्रकट गरेको साहित्यिक विधालाई बुझाउँछ (भण्डारी र अन्य, २०६५ : ४९७) । आलङ्कारिक, भाषाशैलीयुक्त छोटा अनुच्छेदहरूको गद्यबन्धनमा संरचित साहित्यिक रचना नै निबन्ध हो ।

भाषा मानवको उत्पत्ति कालदेखि नै चलन चल्तीमा आएको हो । जुन आजको समयसम्म कायमै रहेको छ । भाषा सम्प्रेषण योग्य रहने गर्दछ । यही सम्प्रेषणका आधारमा व्यक्तिले एक वा अर्को भाषिकरूप छुट्याउने गर्दछ । भाषा सुरुमा कथ्य अथवा औचार्य रूपमा रहेको थियो पछि यसको क्रमिक रूपले विकसित भएपछि यो लेख्य अथवा लिपिबद्ध भएको पाइन्छ । मूलतः सामाजको विकास सँगसँगै भाषाको पनि विकास हुँदै गएको हो र पछिमात्र स्तरीयता अथवा मानक रूप प्राप्त गरेको हो । साहित्यिक नियमको सीमामा

सीमाबद्ध रही छन्दशास्त्रीय नियमको रूपमा छुट्याएको पाइन्छ । यसरी छन्दमा छुट्याएको भाषाको रूपलाई गद्यभाषा भनि भन्न थालियो; निबन्ध यही गद्य विधाअन्तर्गत पर्दछ । निबन्ध मूलतः दुई किसिमको रहने गर्दछ । वस्तुपरक र आत्मपरक निबन्ध रूप पहिला हुने गर्दछ पछि गएर मात्र स्वस्फूर्त रूपमा प्रकट हुने गर्दछ । यही भएर हो होला यसको रूप विश्व साहित्यका क्षेत्रमा घनिष्टम् विधाका रूपमा लिने गरेको (सुवेदी, २०५६ : १) । नेपाली साहित्यमा यस रूपलाई कान्छो साहित्यक विधाका रूपमा लिने गरिन्छ । यसरी हेर्दा निबन्धको रूपलाई निबन्धकारको शैली अनुसार दुई किसिमले चिन्न सकिन्छ । आत्मपरक र वस्तुपरक वर्तमान निबन्धको अर्थ बन्धनको नजिक रहेको पाइन्छ । साहित्यमा विद्यमान रहेको दुई विधा गद्य र पद्यमध्ये निबन्ध गद्य विधा अन्तर्गत पर्ने साहित्यिक रचना हो ।

मानिस एउटा चेतनशील प्राणी हो । चेतन मनमा रहेर विभिन्न चिन्तन तथा विचार केलाउने गर्दछ । आफूमा भएको ज्ञान राशीका आधारमा विभिन्न वाक्य निर्माण गर्छ । यसै कारणले होला व्यक्तिले सीमित घेराभित्र असिमित विचार अभिव्यक्ति गर्न सकेको व्यक्तिले आफ्नो साधनामा लागि रहेमा परिपक्वता, स्तरीयता प्रौढता हुँदै जान्छ र निबन्ध पनि त्यसरी नै प्रौढ बन्दै जान्छ । अभिव्यक्तिमा जति परिपक्ता आयो निबन्ध पनि त्यति नै परिपक्व बन्दै जान्छ । निबन्धको सम्बन्ध साहित्यका विभिन्न विधाहरूसँग हुन्छ । कथा, कविता, नाटक, उपन्यासबिचमा केही अन्तरसम्बन्ध पनि भेटिन्छ । हाँस्यव्यङ्ग्य अँगालेर निबन्धले जल्दा बल्दा निबन्धकारका रूपमा शंकर लामिछानेलाई लिने गरेको पाइन्छ । हाँस्यव्यङ्ग्य गर्ने पक्षको मूलक्रिडा गर्ने क्षेत्र पनि यही हो ।

नेपाली निबन्धको पृष्ठभूमि केलाउँदा भाषाका लेख्य रूपको प्रारम्भसम्म पुग्नु पर्ने हुन्छ । नेपाली भाषाको लेख्य रूपको आरम्भपछि देखा परेको अभिलेख ग्रन्थहरूमा सर्वप्रथम नेपाली गद्यको प्रयोग भएको भेटिन्छ । पृथ्वीनारायण शाहको दिव्योपदेश (१८३१) बाट नै निबन्धको प्रारम्भ भएको ठान्नुपर्छ । यस गद्यमा निबन्धका केही मूल्यहरू पाइएकाले यसलाई नै निबन्धको प्रारम्भ विन्दु मानिन्छ । निबन्धका सम्बन्धमा पश्चात्य विद्वान् तथा पूर्वी विद्वान्हरूले भिन्नभिन्न दृष्टिकोण व्यक्त गरेको पाइन्छ । यसप्रकार गद्य भाषामा लेखिएको जीवन जगत्‌कै विषयवस्तु भाव र विचारलाई प्रस्तुत गरिएको हुन्छ । जसमा निबन्धकारले आफ्नो नीजि अनुभूति र तथ्यलाई स्वीकार गर्न पाठक समक्ष आग्रह गरेका हुन्छन् ।

भाषा विचार विनिमयको माध्यम हो । भाषा शिक्षणको खास उद्देश्य भाषाका चार सीपहरू (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) को विकास गर्नु रहेको छ । उल्लिखित भाषाका चार सीपहरूमा विद्यार्थीहरूलाई सक्षम बनाउनको निमित्त भाषा शिक्षण गरिएको हुन्छ । भाषाका यी चारै सीपहरू एक-अर्कासँग सम्बन्धित हुन्छन् । निबन्धलेखन आफ्ना विचार दृष्टिकोण तथा चिन्तन अभिव्यक्ति गर्ने वस्तुगत रूपमा घटना वस्तुस्थिति आदि सम्बन्धी अभिव्यक्ति दिने मह□वपूर्ण माध्यम हो । निबन्ध साहित्यका चार विधामध्ये अत्यन्त मह□वपूर्ण विधा हो । लेखन सीपको विकासले विद्यार्थीहरूले जीविकोपार्जन समेत गर्न सक्ने भएकोले निबन्धलेखन कार्यकलाप गराउनु जरुरी देखिन्छ ।

निबन्धलेखन उल्लिखित चार सीपमध्ये लेख्न सीप अन्तर्गत पर्दछ । जुन केही जटिल मानिन्छ । लेखन विकासका लागि निबन्धलेखनलाई एक उत्कृष्ट विधाका रूपमा लिइन्छ । किनभने निबन्धलेखनमा लेखाइसम्बन्धी सम्पूर्ण ढङ्ग, ढाँचा र लेखाइको मानक रूपमा विश्वास गरिन्छ । सफल निबन्धले लेखाइको प्रौढताको सङ्केत गर्दछ । विद्यार्थीहरूमा लेखन सीपको विकास भइसकेपछि लेखनबाट नै जीविकोपार्जन गर्न सकिने हुनाले निबन्धलेखन गराउन जरुरी छ । यस प्रकार वास्तविक र काल्पनिक विषयवस्तुमा केन्द्रित छोटो, छरितो, पोटिलो, खदिलो, सुसंगठित तथा आलङ्कारिक भाषाशैलीमा लेखिएको साहित्यिक रचनालाई नै निबन्ध भनिन्छ ।

## २.२.२ निबन्धको अर्थ र परिभाषा

साहित्यको विभिन्न विधाहरूमध्ये सबैभन्दा पछि विकिसित भएको विधाको रूपमा निबन्धलाई लिइन्छ । पूर्वीय र पाश्चात्य दुवै क्षेत्रमा छोटो समयमा नै विकसित निबन्ध विधालाई विभिन्न विद्वान्हरूले आ आफ्नै किसिमले अर्थ लगाउँदै आएका छन् । संस्कृत शब्द 'निबन्ध' बन्ध धातुमा 'नि' उपसर्ग र 'धञ्' परसर्ग लागेर बनेको देखिन्छ, जसको अर्थ राम्ररी बाध्नु हो (उपाध्याप, २०५८ : १६०) । याज्ञवल्क्य, स्मृतिमा 'निबन्धो दव्यमेव च' भनेर निबन्धलाई द्रव्यको अर्थ लगाइएको छ । गीतामा 'निबन्धायासु रिमता' भनेर संसारिक मायामा बाँधिने अर्थमा निबन्ध शब्द प्रयोग भएको छ । प्राचीन कालमा लेख लेखिएका भोजपत्रहरूलाई तह लगाएर बाध्ने अर्थमा निबन्ध शब्दको प्रयोग हुन्थ्यो । त्यसैको रूप बुझाउने अर्थमा निबन्ध शब्दको प्रयोग भएको हो ।

पाश्चात्य जगत्मा अङ्ग्रेजी शब्द एस्से प्रचलित रहेको पाइन्छ । जसको अर्थ प्रयास वा प्रयत्न भन्ने बुझिन्छ (थापा, २०५० : १८५) । अक्सफोर्ड एड्भान्स लर्नर्स डिक्सनरी अफ करेन्ट इङ्लिसमा यसलाई कुनै पनि विषयमा लेखिएको सङ्क्षिप्त गद्यात्मक रचना पनि भनिएको छ। नेपाली साहित्यमा सामान्यतया यसैको पर्यायको रूपमा प्रयुक्त छ (उपाध्याय, २०५६ : १६१) । नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा सम्पादित नेपाली बृहत् शब्दकोशमा निबन्ध शब्दको अर्थ यस्तो रहेको छ, कुनै विषयलाई लिएर कलात्मक वा वस्तुपरक ढङ्गले गद्यमा लेखिएको छोटो साहित्यक रचना, साहित्यको एक गद्य विधा निबन्ध हो । यसरी विभिन्न अर्थहरूलाई हेर्दा के भन्न सकिन्छ भने निबन्ध साहित्यिक  विधाहरू मध्येको गद्य विधा हो । जसमा विचार तथा भावको शृङ्खलाबद्ध अभिव्यक्ति हुन्छ र निबन्धकारको शैली अनुसार आत्मपरक तथा वस्तुपरक हुन्छ ।

**परिभाषा**

परिभाषा त्यस्तो चीज हो जो आफैँमा स्पष्ट हुने गर्दछ । कुनै पनि विषयवस्तुको रूप स्पष्टसँग बुझाउनका लागि परिभाषा आवश्यक रहने गर्दछ । निबन्धको जन्म ई.वि.१६ औं शताब्दीको अन्त्य ई. १५८० मा भएको हो, जसको श्रेय फ्रान्सका मोन्तेन तथा बेलायतका ‘बेकन’लाई जान्छ । निबन्धलाई एकै वाक्यमा  वा शब्दमा परिभाषित गर्न सकिँदैन । विभिन्न विद्वान्हरूले भिन्न-भिन्न विचार व्यक्त गरेका छन् । भण्डारी (२०६८) नेपाली गद्य नाटक अनुसार विभिन्न विद्वान्हरूको परिभाषा निम्नानुसार भेटाउन सकिन्छः

मोन्तेनको परिभाषा यसप्रकार रहेको पाइन्छ यी मेरो स्वच्छन्द कल्पना विलास हुन् । यिनीबाट म कुनै नौलो वस्तुको आविष्कार गर्ने स्वङ्ग पार्दिन, मेरो काम केवल आफ्नो हृदय खोलेर देखाउनु हो । फ्रान्सिस बेकन मेरा यी छोटा रचनालाई एस्से नाम दिइएको छ, जहाँ विकीर्ण चिन्तनहरू छन् । हड्सनका अनुसार मोटामोटी रूपमा कुनै पनि विषयमा लेखिएको रचनालाई सच्चा निबन्ध मान्न सकिन्छ, यसको मुख्य विशेषता हो अपेक्षाकृत, संक्षिप्तता र पट्यारिलोपनको अभाव । त्यसैगरी रामचन्द्र शुक्लका अनुसार यदि गद्य कविहरूको कसी हो भने निबन्ध हो गद्यको कुर्सी । लक्ष्मीप्रसाद देवकोटाका अनुसार यो टेविल गफ हो, चस्मादार अध्ययनको व्याख्यान होइन नत बामन वेदान्त, यसमा ठर्रोपना हुँदैन, यो लच्किन्छ र घनिष्टतातिर जान्छ । बदरीनाथ भट्टराईका अनुसार निबन्ध सत्य वस्तु देखाउने लेखकीय अन्तज्योतिको शाब्दिक स्वरूप हो । बालकृष्ण पोखेलका अनुसार सबै भन्दा

माथिल्ला तहको निबन्ध हो, निजात्मक । हरेक निजात्मक निबन्ध लेखकले आफ्नो हृदयभित्र लुकेर बसेको अदृश्य स्रोतारूप सुनाइएको गन्थन हो । ईश्वर बरालका अनुसार निबन्धलाई एक किसिमको गराइको रूपमा चित्रण गरेका छन् ।

यसरी माथिका विभिन्न पभिाषाहरूको आधारमा के भन्न सकिन्छ भने साहित्यका अन्य विभिन्न विधाहरू जस्तैः निबन्धलाई निश्चित परिभाषामा बाँध्न सकिन्न समग्रमा भन्नुपर्दा निबन्ध भाषाका माध्यमबाट अभिव्यक्त गहनतम विचारहरुको कलात्मक प्रस्तुति हो । अर्थात् वैयक्तिक विचार वा अनुभूतिको गद्यात्मक अभिव्यक्ति नै निबन्ध हो ।

## २.३ भाषिक सीप र निबन्ध विधा

### २.३.१ भाषा पाठ्यक्रम, भाषा पाठ्यपुस्तक र लेखाइसीप

#### २.३.१.१ भाषा पाठ्यक्रम

भाषा मानवीय सम्प्रेषणको आधार र माध्यम हो, विचारहरू तथा मान्छेका मनमा लागेका कुराहरूको आदानप्रदान तथा सृजनात्मक प्रस्तुतीकरणको माध्यम पनि भाषा नै हो । सम्पूर्ण ज्ञान, विज्ञान, दर्शन, कला, सीप र कौशलहरूको संरक्षण र सम्बर्द्धनको स्रोत पनि भाषा नै हो । विद्यार्थीहरूमा भाषिक सीप विकासका निमित्त भाषा पाठ्यक्रमको आवश्यकता पर्दछ । भाषा पाठ्यक्रम भाषा सिकाइसम्बन्धी निर्दिष्ट लक्ष्यसम्म पुग्ने एउटा गोरेटो हो । भाषा शिक्षणलाई उद्देश्यमूलक बनाउन यसले मार्गदर्शकको काम गरेको हुन्छ । भाषिक सीपसँग सम्बन्धित बोध तथा अभिव्यक्ति क्षेत्रका विविध पक्षहरू आर्जन गर्नका निमित्त गरिने सम्पूर्ण प्रयास भाषा पाठ्यक्रम अन्तर्गत पर्दछ । वास्तवमा पाठ्यक्रम समग्र शैक्षिक गतिविधिको मार्गदर्शक हो । अन्य पाठ्यक्रमले जस्तो भाषा पाठ्यक्रमले विद्यालय भित्र र विद्यालय बाहिर गरिने सम्पूर्ण क्रियाकलापलाई समेट्छ । भाषिक सीपसँग सम्बन्धित बोध अन्तर्गतका श्रुतिबोध, पठनबोध आदि जस्ता पक्षहरूसँग रहन्छ । यसरी तहगत रूपमा विद्यार्थीहरूले भाषिक सीप विकासका निमित्त गरिने क्रियाकलाप भाषा पाठ्यक्रम अन्तर्गत पर्दछ ।

वास्तवमा भाषा पाठ्यक्रम भन्नाले उद्देश्य, भाषिक विषयवस्तु, भाषिक प्रक्रिया भाषिक स्रोत र भाषिक मूल्याङ्कनका साधन आदि बुझिन्छ । यसलाई विद्यालयभित्र तथा बाहिर कक्षा शिक्षण वा सम्बन्धित कार्यक्रमद्वारा पुरा गर्ने योजनाबद्ध प्रयास गरिएको हुन्छ (शर्मा, पौडेल, २०६० : ३३३) । भाषा पाठ्यक्रमले भाषा सिकाइका निम्ति निर्धारण गरिएको

उद्देश्यहरूको उपलब्धि तहसम्म पुग्नका लागि बनाइएको भाषा शिक्षणसम्बन्धी गोरेटो प्रदान गर्दछ । वास्तवमा पाठ्यक्रम समग्र शैक्षिक गतिविधिको मार्गदर्शक हो । यसैको आधारमा सम्पूर्ण शिक्षण क्रियाकलाप सञ्चालन हुन्छन् । भाषा पाठ्यक्रमले भाषिक सीपसँग सम्बन्धित सम्पूर्ण पक्षहरूलाई समेट्दछ ।

### २.३.१.२ भाषा पाठ्यपुस्तक

कुनै पनि पाठ्यपुस्तक सम्बन्धित विषयका पाठ्यक्रमको उद्देश्य अनुरूप निर्माण गरिएको हुन्छ । पाठ्यपुस्तक विना सम्पूर्ण शिक्षा प्रणाली असफल हुने हुनाले शैक्षिक व्यवस्थापनको मेरुदण्ड पाठ्यपुस्तक नै मानिन्छ । भाषा पाठ्यपुस्तक सम्बन्धित तह र विद्यार्थीहरुको स्तर अनुरूप तय गरिने पाठ्यपुस्तक हो र यसलाई आधिकारिक सामग्री मानिन्छ । विद्यालयमा हुने सम्पूर्ण कार्यकलाप पाठ्यपुस्तकमा नै केन्द्रित हुन्छन् । पाठ्यपुस्तकमा पाठ्यक्रमको अपेक्षा अनुरूपका पाठ्यांशहरूलाई विद्यार्थीहरूको स्तर, अनुभव र सिकाइ आवश्यकता ख्याल गरी सङ्गठित गरिएको हुन्छ । पाठ्यपुस्तकले विद्यार्थीहरूलाई गृहकार्य पुनरावृत्ति आदि जस्ता कार्यकलाप गर्नका लागि सहयोग गर्दछ । पाठ्यपुस्तक कति लोकप्रिय हुन्छ भने यसलाई मुद्रित शिक्षक पनि भनिन्छ (अधिकारी र शर्मा, २०६१ : २४) । जुनसुकै शिक्षण व्यवस्थामा पनि पाठ्यपुस्तकको आवश्यकता पर्दछ । पाठ्यपुस्तक शिक्षक र विद्यार्थी दुवैको लागि आधिकारिक सामग्री हो । पाठ्यक्रमको उद्देश्य प्राप्तिका लागि विद्यार्थी र शिक्षकलाई मार्गदर्शक गर्ने काम पाठ्यपुस्तकले गर्दछ । भाषापाठ्यपुस्तक मूलतः भाषाका चार सीपहरू सुनाइ, बोलाइ, पढाइ, लेखाइमा केन्द्रित हुन्छ । भाषा पाठ्यपुस्तकमा भाषा नै सबैभन्दा मह□वपूर्ण हुन्छ भने भाषा साधन र साध्य दुवै हुन्छ ।

भाषा पाठ्यपुस्तक भाषा पाठ्यक्रमका सैद्धान्तिक कुराहरूलाई व्यवहारिक प्रक्रियामा ढालेर उद्देश्य पूर्ति गर्ने मह□वपूर्ण एवम् प्रभावकारी माध्यम मानिन्छ । पाठ्यपुस्तकले मूलतः भाषाका चारै सीपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइ समेट्ने किसिमले तयार गरिएको हुन्छ । यसमा विद्यार्थीहरूको मानसिक सांवेगिक, शारीरिक, बौद्धिक आदि जस्ता विविध पक्षका साथै सिकाइ प्रवृत्तिमा ख्याल गरेर मनोवैज्ञानिक तरिकाले बनाइएको हुन्छ । अन्य विषयका पाठ्यपुस्तकमा भाषालाई विषय प्रस्तुतिको साधनको रूपमा लिएको हुन्छ र विषयवस्तुलाई साध्य वस्तुको रूपमा लिएको हुन्छ तर भाषा पाठ्यपुस्तकमा भाषा नै साध्य

र साधन रहेको हुन्छ । पाठ्यपुस्तकलाई भाषा सिक्ने माध्यमका रूपमा मात्र ग्रहण गरिएको हुन्छ ।

### २.३.१.३ लेखाइसीप

कुनै पनि व्यक्तिका मनका अन्तर्भावनालाई ध्वन्यात्मक सङ्केतका माध्यमबाट सीपको उपयोग गरी अभिव्यक्त गर्ने माध्यम नै लेखाइसीप हो । भाषाका दुई रूपमध्ये बोलेर विचार विनिमय गर्न नसकिने स्थितिमा लेखाइसीपको सायता लिइन्छ (शर्मा र पौडेल, २०६० : १२२) । भाषाका चार सीपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइसँग भाषा पाठ्यक्रम, पाठ्यपुस्तक केन्द्रित हुन्छन् । भाषाद्वारा व्यक्तिले एक अर्काका विचार र भावना साटासाट गर्छन् । यस्तो प्रक्रियामा यी चारै सीपको प्रयोग गरिएको हुन्छ ।

मानव मस्तिष्क भित्र रहेका भाव र विचारहरूलाई लिपि चिह्नहरूको प्रयोगद्वारा क्रमबद्ध ढङ्गले व्यक्त गर्ने प्रक्रिया वा  रूपलाई नै लेखाइसीप भनिन्छ । विद्यार्थीहरूमा लेखाइसीप विकास गराउन चित्र वर्णन, अनुलेखन, श्रुतिलेखन, चिठी लेखन, कथा लेखन, कविता लेखन, अनुच्छेद लेखन, प्रतिवेदन लेखन, निवेदन लेखन, निबन्धलेखन जस्ता लेखन कलासँग सम्बन्धित कार्यकलाप हुने गर्दछन् । भाषिक संरचना तथा शब्द भण्डारको ज्ञान हुनु लेखाइसीप विकाससँगको मह□वपूर्ण कुरा हो ।

भाषिक सीपहरू एक अर्कामा सम्बन्धित हुन्छन्, यिनीहरूको आ-आफ्नै मह□व हुन्छ । विभिन्न दृष्टिकोणले पनि लेखाइसीप सन्तुष्टिको माध्यम मानिन्छ । लेखाइसीपको मह□व हाम्रो दैनिक व्यवहारमा ठूलो रहेको छ । व्यवसायिक दृष्टिले पनि लेखन सीपको निकै मह□व छ । सम्पूर्ण क्रियाकलापहरू लेखाइसीपबाट नै सञ्चालित हुने हुनाले भाषाका अन्य सीपहरूभन्दा लेखाइसीप मह□वपूर्ण मानिन्छ ।

### २.३.२ लेखाइ शिक्षणको आवश्यकता र मह□व

मानव मन मस्तिष्कभित्र रहेका भाव र विचारलाई लिपिबद्ध गर्नु नै लेखाइ हो । लिपि चिह्न, लेख्ने योग्यता, सही हिज्जेको जानकारी तथा आफ्नो विचार कसरी अभिव्यक्ति गर्ने भन्ने क्षमता विकास गर्ने शिक्षण कार्यकलापलाई लेखाइ शिक्षण भनिन्छ । अभिव्यक्तिको विशिष्ट सीप नै लेखाइ हो । आफूले पाएको ज्ञान एवम् कल्पना गरेका कुरालाई प्रभावकारी एवम् कलात्मक तरिकाले अभिव्यक्ति गरी लेख्ने सीप विकास गराउन तथा लेख्ने सीपको

उपयोगबाट जीवनका व्यवहारिक समस्या समाधान गर्न र आत्मनिर्भर बनेर बाँच्न सक्ने दक्षता दिलाउन लेखन शिक्षणको महत्त्वपूर्ण भूमिका रहन्छ । व्यक्तिको सिर्जनात्मक क्षमताको विकास तथा लेखनमा गति, क्रमबद्धता र सङ्क्षिप्तता ल्याउन पनि लेखाइसीप महत्त्वपूर्ण रहन्छ ।

लेखनकला आफैँमा शिक्षण सिकाइको महत्त्वपूर्ण अङ्ग हो । व्यवहारिक कार्यकलाप पनि हो । सम्पूर्ण कक्षा कार्यकलापहरू लेखन सीपबाट नै सञ्चालन हुन्छन् । प्रारम्भिक तहदेखि माथिल्लो तहसम्म शैक्षिक मूल्याङ्कनको प्रक्रियाले लेखन सीपसँग सम्बन्ध राख्दछ । लेखन कला कमजोर भएका विद्यार्थीहरूले अपेक्षित उपलब्धि हासिल गर्न कठिन पर्दछ । त्यसैले यस्तो अवस्था आउन नदिन पनि लेखन सीपमा दक्षता बढाउँदै लैजान आवश्यक हुन्छ र सृजनात्मक क्षमताको विकास गराउन भाषाका चारै सीपहरूको अति महत्त्वपूर्ण भूमिका रहन्छ । यसरी सम्पूर्ण शिक्षण प्रक्रियामा लेखाइ शिक्षणले विद्यार्थीहरूलाई उचित मार्गदर्शन प्रदान गर्छ ।

### २.३.३ लेखाइसीपको विकासमा निबन्धलेखनको भूमिका

कुनै पनि विषयमा केन्द्रित भएर स्वतन्त्र ढङ्गले गरिने गद्यात्मक अभिव्यक्ति नै निबन्ध हो । निबन्ध आत्मपरक र वस्तुपरक दुई किसिमको हुन्छ । निबन्धलेखनले विचार अभिव्यक्त गर्न क्षमताको विकास गर्छ । शब्दभण्डारको विकास गर्न तथा विभिन्न ग्रन्थहरूबाट विचार लिएर बौद्धिकताको विकास गर्न लेखाइसीपको उपयोग गरिन्छ । भाव प्रकाशनको माध्यम लेखाइसीपको विषयवस्तु छान्ने त्यसैबाट वाक्य संरचना तथा शब्द पदावलीका छनोट गर्ने क्षमता र कलाको विकास हुन्छ । विद्यार्थीहरूको लेखनकला परिष्कृत, परिमार्जित र विकास गर्दै लैजान लेखन सीपले सहयोग गर्दछ । प्राथमिक तहदेखि नै लेखनकलासँग सम्बन्धित क्रियाकलापहरू गराएर विद्यार्थीहरूमा लेखन क्षमता वृद्धि गर्दै लैजान सकिन्छ । कुनै पनि सान्दर्भिक विषयवस्तुमा आधारित भएर स्वतन्त्र ढङ्गले गरिने अभिव्यक्ति नै निबन्धलेखनकलाको महत्त्वपूर्ण कार्यकलाप हो ।

निबन्धलेखन सीप विकासका विभिन्न क्रियाकलापहरूमध्ये एक महत्त्वपूर्ण क्रियाकलाप हो । प्रारम्भिक तहदेखि विश्वविद्यालय तहसम्म विद्यार्थीहरूलाई निबन्धलेखन सम्बन्धी अभ्यासलाई प्राथमिकता दिएर समावेश गरिएको पाइन्छ । निबन्धलेखनमा वर्णविन्यास, शब्दभण्डार, चिह्न प्रयोग, वाक्यगठन र व्याकरणगत विषयवस्तु, आदि, मध्य र

अन्त्यको प्रस्तुतीकरण जस्ता लेखाइसम्बन्धी सम्पूर्ण नियमहरू समावेश हुन्छन् । यसरी विद्यार्थीहरूमा सम्पूर्ण लेखाइसम्बन्धी धारणात्मक सीप र संज्ञानात्मक सीपका साथै लेखनकला सीप विकास गराउन निबन्धलेखनको स्थान उच्च र मह□वपूर्ण रहेको छ ।

### २.३.४ विद्यालय तहमा निबन्ध शिक्षणको प्रयोजन

निबन्ध गद्यमा रचना गरिने साहित्यको सबैभन्दा स्वतन्त्र विधा हो । विद्यालय तहमा निबन्धलेखनको मुख्य उद्देश्य स्वतन्त्र र निर्देशित रुपमा लेखन सीप प्राप्त गर्नु हो । निबन्ध मुख्य गरी विधाका रूपमा प्रयोग भएपनि विद्यालय स्तरमा लेख्य पाठ्य विधाकै रूपमा राखिएको छ । निबन्धलेखन क्रियाकलाप लेखाइसीप विकासको मह□वपूर्ण क्रियाकलाप हो । अन्य विधाका तुलनामा केही जटिल भएपनि तह अनुरूप निबन्धलेखनमा विद्यार्थीहरूलाई सरिक गराउनु पर्दछ । निबन्ध शिक्षणको मूल उद्देश्य लेखन क्षमताको विकास गराउनु आफ्ना विचार  तथ्यात्मक, भावनात्मक, वैचारिक आदि अभिव्यक्तिलाई विस्तारपूर्वक शृङ्खलाबद्ध गरी प्रस्तुत गर्नु हो । विद्यार्थीहरूले देखेका अनुभव गरेका र पढेका कुराहरू सिलसिला मिलाई लिखित रूपमा व्यक्त गर्न सिकाउनु नै निबन्धलेखनको मुख्य उद्देश्य हो । निबन्ध विधा अन्य विधामध्ये प्रौढ खदिलो तथा बौद्धिक अभिव्यक्ति हो । निबन्ध विधालाई भाषा तथा साहित्य शिक्षणका दृष्टिले उपयोग गर्न सकिन्छ । साहित्यिक विधाका रूपमा यसको प्रयोगहरू निम्नानुसार छन् :

- लेखन सीप तथा कलात्मक क्षमताको समुचित विकास गर्न,
- मौलिक र सिर्जनात्मक अभिव्यक्तिको विकास गर्न,
- बोध र अभिव्यक्ति क्षमताको विकास गर्न,
- स्वतन्त्र लखेनको सुसङ्गठित रूप पहिचान र अवलम्बन गर्न सिकाउनु,
- शुद्ध र स्पष्ट रूपमा लेख्य अभिव्यक्ति गर्न सक्ने तुल्याउन,
- साहित्यिक अनुराग बढाउन,
- साहित्यक कृतिहरूमा भाषा तत्व र व्यकरणात्मक विशेषताहरूको पहिचान गरी आवश्यकता अनुसार प्रकट गर्ने सीपको विकास गर्न,
- लेखन सीपमा पूर्णता र प्रौढताप्रति परिपक्क बनाउन ।

यसरी विभिन्न प्रयोजनका लागि निबन्ध शिक्षण गरिन्छ । निबन्धलेखनले विद्यार्थीहरूको लेखन सीप विकास गराउनु नै मह□वपूर्ण प्रयोजन हो । माथि उल्लेख गरिएका विभिन्न प्रयोजनका अतिरिक्त अन्य प्रयोजनहरूमा पनि निबन्ध शिक्षणले मह□वपूर्ण भूमिका खेल्दछ ।

### २.३.५ निम्न माध्यमिक तहको पाठ्यक्रममा निबन्ध विधाको स्थान र शिक्षण प्रक्रिया

निम्न माध्यमिक पाठ्यक्रम २०५८ (परिमार्जित संस्करण) का अनुसार कक्षा छ, सात र आठ गरी जम्मा तीनवटा कक्षालाई निम्न माध्यमिक तह भनेर परिभाषित गरेको छ । यस तहको पाठ्यक्रमले नेपाली विषयमा विधागत क्षेत्र निर्धारणका क्रममा प्रबन्ध, निबन्ध, कथा, जीवनी, चिठी, रूपक, कविता, व्याकरण, शब्दभण्डार जस्ता विधाहरूलाई समेटेको पाइन्छ । निम्न माध्यमिक तह पूरा भएपछि विद्यार्थीहरूले प्राप्त गर्ने सिकाइ उपलब्धिका सन्दर्भमा स्तर अनुसार विषयहरूमा सन्दर्भ र सिलसिला मिलाइ मालिक रचना गर्न सक्षम हुनु लगायतका उद्देश्यहरू राखिनुले लेखाइसीपसम्बन्धी क्षमतामा पाठ्यक्रमले मह□व दिएको छ भन्न सकिन्छ ।

पाठ्यक्रमको विधागत वितरणलाई हेर्दा अन्यविधाको तुलनामा निबन्ध विधाका क्षेत्र बढी समावेश गरिएको छ । जसमा सामाजिक, सांस्कृतिक, प्राकृतिक, वातावरणीय, कलात्मक, वैज्ञानिक, प्राविधिक तथा व्यवसायिक क्षेत्रका निबन्धलाई समावेश गरिएको छ । पाठ्यक्रमका आधारमा पाठ्यपुस्तकको निर्माण गर्दा निबन्ध विधाको शिक्षणका अतिरिक्त सृजनात्मक क्रियाकलाप शीर्षकमा विभिन्न विषयमा निबन्धलेखनमा निर्देश गरिएका अभ्यासहरू समावेश गरिएका छन् । यसबाट विद्यार्थीहरूले निबन्धलेखन क्षमताको विकास गर्दै लैजाने अभिष्ट रहेको देखिन्छ ।

निम्न माध्यमिक तहमा निबन्ध शिक्षणको प्रयोजन भनेको विद्यार्थीहरूमा गद्यात्मक अभिव्यक्ति क्षमताको बोध क्षमताका  साथसाथै गद्यात्मक लिखित अभिव्यक्ति क्षमताको विकास गर्नु रहेको पाइन्छ । यसको शिक्षणको लागि निर्दिष्ट रूपमा निबन्ध वा प्रबन्धमा साथसाथै खास विषय शीर्षक दिई निर्देशित र स्वतन्त्र रूपमा निबन्धलेखनको अभ्यास गराउनु पर्दछ । गद्यात्मक अभिव्यक्तिको अभ्यास गराउँदा मौन पठन, प्रश्नोत्तर, छलफल, व्याख्या आदि विधिको उपयोग गर्नुपर्दछ । यसका अतिरिक्त गद्यांशको सस्वर पठन, बुँदा

टिपोट, सारांश, भाव विस्तार, व्याख्याका साथै शब्दोच्चारण, कठिन शब्दको अर्थ पहिचान र वाक्यमा प्रयोग, श्रुति लेखन तथा अनुलेखन जस्ता अभ्यास गराउनु आवश्यक छ ।

### २.३.६ निम्न माध्यमिक तहको पाठ्यक्रममा निबन्ध विधाको शिक्षण कार्यकलाप

निबन्धलेखन लेखन कलाको मह□वपूर्ण कार्यकलाप हो । यसमा स्वतन्त्र र निर्देशित दुवै किसिमका अभ्यास गराइन्छ । निबन्धको मुख्य उद्देश्य लेखन सीप हासिल गर्नु र आफ्ना विचार तथ्यात्मक, भावनात्मक, वैचारिक आदि अभिव्यक्तिलाई विस्तार पूर्वक क्रमिक रुपमा शृङ्खलाबद्ध गरी प्रस्तुत गर्ने सीप आर्जन गर्नु हो । यसको शिक्षण कार्यकलापको लागि निर्दिष्ट रूपमा निबन्ध वा प्रबन्ध पाठको उपयोग गर्नुका साथै खास विषय शीर्षक दिई निर्देशित र स्वतन्त्र रूपमा निबन्धलेखनको अभ्यास गराउन सकिन्छ । शीर्षक छनोट गर्दा प्रकृति र प्रयोजनलाई ख्याल गर्नुपर्छ । कक्षाको स्तर हेरी विभिन्न शैलीका निबन्धहरू कक्षाकार्य र गृहकार्यका रूपमा लेख्न लगाई प्रशस्त अभ्यास गराउनुपर्छ र प्रतियोगितात्मक प्रविधि पनि अपनाएर शिक्षण कार्यकलाप गर्न सकिन्छ ।

# अध्ययन तिन

## अध्ययनविधि र प्रक्रिया

अनुसन्धान भनेको कुनै पनि विषयवस्तुका बारेमा सूक्ष्म रूपले खोजी गर्नु हो । यो एउटा जटिले कार्य हो । अनुसन्धान कार्य कसरी गरिएको छ भनेर स्पष्ट गर्ने क्रममा अनुसन्धान विधिको विवरण सबैभन्दा महत्त्वपूर्ण विषय हो । कुनै पनि अनुसन्धान अध्ययन गर्दा शुरुवातदेखि अन्त्यसम्म अपनाउने विधिहरूलाई पूर्ण योजनाको रूपमा व्यवस्थित गरिनु पर्दछ । तबमात्र उक्त अनुसन्धान कार्य कुनै पनि बाधा अड्चनबिना सम्पन्न हुन्छ र अनुसन्धानको लागि उचित मार्गदर्शक हुन्छ । प्रस्तुत अनुसन्धानमा अपनाएका विधिहरूलाई यस अध्ययमा समावेश गरिएको छ ।

प्रस्तुत अध्ययन झापा जिल्ला कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता पहिल्याउने उद्देश्यले गर्न खोजिएको कुरा उद्देश्य खण्डबाट नै स्पष्ट गरिएको छ । त्यसैले अध्ययनको प्रयोजनका लागि विद्यार्थीहरूलाई महत्त्व दिएर कुनै पनि निष्कर्षमा पुग्ने प्रयास महत्त्वपूर्ण ठानिएको छ । 'झापा जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन' शीर्षक सोझै विद्यार्थीहरूसँग प्रत्यक्ष सम्बन्धित भएकाले विद्यार्थीहरूलाई केन्द्रबिन्दु बनाई नमुना परीक्षण विधिबाट अगाडि बढाइएको छ । नमुना सर्वेक्षण भन्ने वित्तिकै यसको कार्य क्षेत्रीय विधि वा प्रयोगात्मक विधिमा आधारित रहन्छ । प्रस्तुत अनुसन्धान र अध्ययनलाई वस्तुगत बनाउने क्रममा जनसङ्ख्या पहिचान, प्रतिनिधि नमुना छनोट, तथ्याङ्क सङकलनको लागि सामग्री निर्माण, त्यसको पूर्व कार्यान्वयन वा तथ्याङ्क सङ्कलन, सङकलित तथ्याङ्कहरूको व्याख्या विश्लेषण र प्रत्रियाजस्ता सर्वेक्षणात्मक विधिका पक्षहरूको उपयोग गरिएको छ । यिनै विधिहरूको प्रयोग गर्दै प्रस्तुत अध्ययनको प्रारूप तयार पारिएको छ ।

### ३.१ जनसङ्ख्याको पहिचान

प्रस्तुत अध्ययन अनुसन्धानका लागि झापा जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूलाई जनसङ्ख्याको रूपमा लिइएको छ  तर अध्ययनको प्रयोजन समय, लागत र लगानी आदिका कारणको गर्दा कक्षाका सम्पूर्ण जनसङ्ख्याको अध्ययन गर्न असम्भव हुने तथा आवश्यक पनि नभएकाले अध्ययनको सीमाङ्कनको लागि झापा जिल्ला वरिपरिका

सामुदायिक र संस्थागत गरी आठ ओटा विद्यालयमा अध्ययनरत ८० जना विद्यार्थीहरूलाई जनसङ्ख्याको रूपमा लिइएको छ ।

## ३.२ प्रतिनिधि नमुना

अध्ययन अनुसन्धानका क्रममा सम्पूर्ण जनसङ्ख्याको प्रतिनिधित्व गरोस् र जनसङ्ख्याको गुण वा विशेषताहरू त्यस नमुनामा समाहित गर्न सकोस् भन्ने अध्येयताको दृष्टिकोण रहेको हुन्छ । नमुना छनोटका लागि झापा जिल्ला वरिपरिका आठ ओटा विद्यालयलाई लिएको छु । जसमा चार सामुदायिक र चार संस्थागत विद्यालयहरू रहेका छन् । उक्त छनोटमा परेका विद्यालयहरूमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूमध्येबाट भिन्न-भिन्न वर्ग, लिङ्ग, भाषिक पृष्ठभूमि भएका छात्र र छात्रा पर्ने गरी प्रत्येक विद्यालयबाट १०/१० जनाका दरले जम्मा ८० जना विद्यार्थीहरूको छनोट गरिएको छ । जसमा सामुदायिक विद्यालयबाट ४० जना र संस्थागत विद्यालयबाट ४० जना गरी जम्मा ८० विद्यार्थीहरूलाई छनोटको आधार बनाइएको छ । यसरी छनोट गर्दा सम्पूर्ण क्षेत्रको प्रतिनिधित्व गरोस् अपेक्षा भन्ने गरिएको छ ।

## ३.३ सामग्री निर्माण

कुनै पनि अनुसन्धानको प्रकृतिअनुसार सामग्री निर्माण गरिनु पर्दछ । प्रस्तुत अध्ययनको प्रकृति विद्यार्थीको लेखनकलासम्बन्धी तथ्याङ्क सङकलन गर्नुपर्ने भएकाले सोहीअनुरूप सामग्री निर्माण गर्नुपर्ने आवश्यक ठानियो । निबन्धलेखनकलासँग सम्बन्धित गहन विषय भएकाले र विद्यार्थीहरूबाटै उक्त कार्य गराउनु पर्ने हुँदा समसामयिक विषय शीर्षकका रूपमा प्रस्ताव गरियो । प्रस्तुत शीर्षकहरू 'मेरो जीवनको लक्ष्य' र 'नारी शिक्षाको आवश्यकता' चयन गरियो । प्रस्तुत शीर्षक शोधनिर्देशकको उपस्थितिमा रहेर आवश्यक सरसल्लाह र सुझाव पश्चात् सोही शीर्षकमा निबन्धलेखनमा विद्यार्थीहरूलाई प्रेरित गर्दै अध्ययनका लागि आवश्यक सामग्री जुटाउन प्रयास गरिएको छ ।

## ३.४ तथ्याङ्क सङ्कलन

तथ्याङ्क सङ्कलन आफैँमा एउटा जटिल कार्य हो । त्यसमा पनि प्रस्तुत अध्ययनको लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्ने क्रममा प्रतिनिधि नमुनाको रूपमा छनोट गरिएका विद्यालयका विद्यार्थीहरूबाट निर्धारित शीर्षक र समयमा निबन्धलेखनका लागि उनीहरूलाई

प्रेरित गरियो । नमुना जनसङ्ख्याका रुपमा रहेका विद्यालयबाट सङ्कलित उत्तरपुस्तिकालाई विषयवस्तु, प्रस्तुतिकरण, भाषिक शुद्धता र शैली गरी चार पक्षमा केन्द्रित रहेर प्रक्रियागत रूपमा जाँच गरियो । उत्तरपुस्तिका परीक्षण गर्ने क्रममा विषयवस्तु संयोजन ५ अङ्क, प्रस्तुतीकरण र संरचना २ अङ्क, शैली २ अङ्क र भाषिक शुद्धता १ अङ्क गरी जम्मा एक शीर्षकका लागि १० पूर्णाङ्कमा आधारित भएर मूल्याङ्कन गरियो र अङ्क समेत निर्धारण गरियो ।

तथ्याङ्क सङ्कलनका लागि छनोट गरिएका प्रत्येक विद्यालयका १०/१० जना विद्यार्थीहरूलाई छुट्टै कोठामा राखी आवश्यक सल्लाह दिइएको थियो । निर्धारित शीर्षक ३५ मिनेटको समयमा निबन्ध तयार गर्न निर्देशन दिदैं विद्यार्थीहरूलाई निबन्ध लेख्न प्रेरित गरिएको थियो ।

### ३.४.१ प्राथमिक स्रोत

प्रस्तुत अध्ययनका क्रममा सामग्री सङ्कलन गर्दा अध्ययनको उद्देश्य परिपूर्ति र यथार्थपरक परिणाम दिने विषय जरुरी भएकाले प्राथमिक स्रोतका सामग्री निर्माण गरी अनुसन्धान गरिएको छ । प्राथमिक स्रोतका सामग्री निर्माण गर्ने क्रममा, दुईओटा शीर्षक 'मेरो जीवनको लक्ष्य र नारी शिक्षाको आवश्यकता' शीर्षक दिई विद्यार्थीहरूलाई निबन्ध लेख्न लगाएर तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.४.२ द्वितीयक स्रोत

प्रस्तुत अध्यनका क्रममा सामग्री सङ्कलन गर्दा अध्ययनको उद्देश्य परिपूर्ति गर्न र यथार्थपरक परिणाम दिने विषय जरुरी भएकाले द्वितीयक स्रोतको सामग्री निर्माण गरी अनुसन्धान गरिएको छ । द्वितीयक स्रोतका रूपमा पाठ्यसामग्री अघिल्ला वर्षका शोधपत्रहरू, सन्दर्भ पुस्तकहरूको खोजी गरी अध्ययन गरिएको छ ।

## ३.५ विश्लेषण प्रक्रिया

तथ्य सङ्कलनलाई जुनसुकै अनुसन्धानको प्रमुख भाग वा पाटो मानिन्छ । यस अध्ययनको शीर्षक लेखनकलासँग सम्बन्धित भएको हुँदा यसमा तथ्यसङ्कलनका क्रममा उत्तरपुस्तिकाहरूमा अङ्कित गरिएको प्राप्ताङ्कलाई संस्थागत तथा लिङ्गगत समूहमा

वर्गीकरण गरी तालिकाबद्ध गरियो । तथ्य विश्लेषणका क्रममा सम्पूर्ण विद्यार्थीहरूको मध्यमान निकालियो र प्रतिनिधि नमुना समाविष्ट विद्यार्थीहरूमध्ये मध्यमानभन्दा तल कति प्रतिशत र मध्यमानभन्दा माथि कति प्रतिशत विद्यार्थीहरू रहेका छन् भनेर गणना गरियो । विभिन्न समूहहरूको क्षमता मापन गर्न यो प्रक्रिया अँगालिएको छ । अध्ययनका क्रममा समग्र तथा समूहगत रूपमा मानक विचलन निकाली तथ्य विश्लेषणमा थप सरलता ल्याउने प्रयास गरिएको छ । यसरी नै प्राप्ताङ्कका आधारमा उच्चतम स्थान, मध्यम स्थान तथा न्यूनतम स्थानमा पर्ने विद्यार्थीहरूको वास्तविक सङ्ख्या पत्ता लगाउन प्रतिशताङ्क श्रेणी निर्धारण गरी गणना गरियो । यसका साथै समग्र मध्यमानकै आधारमा विभिन्न चलहरूबिच निबन्धलेखन क्षमताको अवलोकन गरियो ।

अध्ययनमा समाविष्ट विभिन्न चलहरूको समूहगत मध्यमान, मानक विचलन तथा प्रतिशताङ्क श्रेणी निर्धारणका आधारमा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको पहिचान गरियो । प्रस्तुत अध्ययनमा उपयोगमा ल्याइएको साङ्ख्यिकीय सूत्रहरू निम्नानुसार छन् :

**(क) मध्यमान (Mean) गणना गर्न प्रयोगमा आएको सूत्र**

मध्यमान $(\bar{X})\ \mathrm{X}\frac{\phi X}{n}$

यहाँ

$\bar{X}$ □ मध्यमान

$\sum$X □ जम्मा प्राप्ताङ्क

n = जम्मा विद्यार्थी सङ्ख्या

**(ख) प्रतिशताङ्क (percentile) गणना गर्न उपयोगमा आएको सूत्र**

$$P\ \mathrm{X}\frac{R}{T}$$

यहाँ P = प्रतिशत

R = तोकिएको श्रेणी प्राप्त गर्न सफल विद्यार्थी सङ्ख्या

T = कूल विद्यार्थी सङ्ख्या

### (ग) **मानक विचलन (Standard Deviation) गणना गर्दा आएको सूत्र**

$$\sigma = \sqrt{\frac{\sum x^2}{n} - \left(\frac{\sum x}{n}\right)^2}$$

यहाँ,

∃ = मानक विचलन

x = तथ्याङ्क (प्राप्ताङ्क)

n = कूल विद्यार्थी सङ्ख्या

# अध्याय चार

# व्याख्या तथा विश्लेषण

प्रस्तुत अध्ययनबाट झापा जिल्ला कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता पहिल्याउने उद्देश्य राखिएको छ । यस उद्देश्य पूर्तिका लागि झापा जिल्लाका चार सामुदायिक गरी आठ ओटा विद्यालयका ८० जना विद्यार्थीहरूबाट अध्ययनका लागि तथ्य सङ्कलन विश्लेषण गर्ने दृष्टिकोण राखी व्यवस्थित गरिएको छ । अध्ययनका क्रममा निबन्ध लेख्नका लागि दुई वटा शीर्षक मेरो जीवनको लक्ष्य र नारी शिक्षाको आवश्यकता चयन गरी निश्चित पूर्णाङ्क र समयमा निबन्ध लेख्न लगाइएको छ । परीक्षणलाई विश्वसनीय, स्तरीय, स्पष्ट र प्रभावकारी बनाउनको लागि शीर्षकसँग सम्बन्धित विषयवस्तुको ज्ञान, संयोजन स्तरीयता र शुद्धतालाई आधार बनाइएको छ । अध्ययनमा परेका विद्यालय र विद्यार्थीको नामावली परिशिष्टमा राखिएको छ ।

व्याख्या तथा विश्लेषणलाई पूर्णतः वस्तुगत रूप दिन प्रतिशत गणना, मध्यमान र मानक विचलन जस्ता तथ्याङ्क शास्त्रीय विधिको प्रयोग गरिएको छ ।

प्रस्तुत शोधकार्यमा विश्लेषणका लागि अपनाइएका विभिन्न विधि तथा प्रविधिहरूको विस्तृत विवरणका साथै तथ्यहरूको विश्लेषण निम्नानुसार उल्लेख गरिएको छ ।

## ४.१ समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

झापा जिल्लाका चार सामुदायिक र चार संस्थागत विद्यालयका जम्मा ८० जना विद्यार्थीहरूमा गरिएको निबन्धलेखन क्षमताको अध्ययनलाई प्रतिशतका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गरिएको छ । जसमा पाँच श्रेणी निर्धारण गरी विद्यार्थीहरूको निबन्धलेखन क्षमताको व्याख्या विश्लेषण गरिएको छ । जसअनुसार झापा जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको स्थिति निम्नानुसार रहेको छ :

**तालिका नं १**

| कुल विद्यार्थी | ३५ प्रतिशतभन्दा कम | | ३५-४५ प्रतिशत | | ४५-५५ प्रतिशत | | ५५-६५ प्रतिशत | | ६५ प्रतिशतभन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सङ्ख्या | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ८० | २० | २५ | १८ | २२.५ | १५ | १८.७५ | ११ | १३.७५ | १६ | २० |

माथिको तालिका अनुसार समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमता प्रतिशत गणना गर्दा प्रतिनिधि जनसङ्ख्याका रूपमा प्रतिशत गणना गर्दा प्रतिनिधि जनसङ्ख्याका रूपमा छनोट गरिएका कुल विद्यार्थी सङ्ख्या ८० जनालाई उनीहरूको प्राप्ताङ्क प्रतिशतका आधारमा पाँच श्रेणीमा विभाजन गरिएको छ । जसअनुसार निबन्धलेखन क्षमता ३५ प्रतिशतभन्दा कम भएका विद्यार्थीहरूको सङ्ख्या २०(२५-प्रतिशत) देखिन्छ । त्यसैगरी ३५ प्रतिशतदेखि ४५ प्रतिशतसम्मका विद्यार्थीहरूको सङ्ख्या १८ (२२.५ प्रतिशत) देखिन्छ । निबन्धलेखन क्षमता ४५ प्रतिशत देखि ५५ प्रतिशतसम्म भएका विद्यार्थीहरूको सङ्ख्या १५ (१८.७५ प्रतिशत) देखिन्छ । त्यसैगरी ५५ प्रतिशतदेखि ६५ प्रतिशतसम्ममा विद्यार्थीहरूको सङ्ख्या ११ (१३.७५ प्रतिशत) देखिन्छ । प्रस्तुत अध्ययनमा उच्चतम श्रेणीमा रूपमा मापन गरिएको ६५ प्रतिशतभन्दा माथि निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १६ (२० प्रतिशत) रहेको देखिन्छ ।


माथिको तालिका अनुसार न्युनतम श्रेणीमा रूपमा मापन गरिएको ३५ प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २५ प्रतिशत र उच्चतम अङ्क प्राप्त गर्ने विद्यार्थीहरुको सङ्ख्या २० प्रतिशत देखिनाले समग्रमा विद्यार्थीको निबन्धलेखन क्षमता सन्तोषजन पाइएन ।

माथिको तालिकालाई वृत्तचित्रमा निम्नानुसार देखाइएको छ :

**तालिका नं. २**

| प्राप्ताङ्क | विद्यार्थी सङ्ख्या प्रतिशतमा | विद्यार्थी सङ्ख्याका आधारमा प्राप्त डिग्री |
|---|---|---|
| ३५ प्रतिशतभन्दा कम | २५ | २५/१०० × ३६०=९०[ |
| ३५-४५ प्रतिशत | २२.५ | २२.५/१०० × ३६०[=८१[ |
| ४५-५५ प्रतिशत | १८.७५ | १८.७५/१०० × ३६०[=६७.५[ |
| ५५-६५ प्रतिशत | १३.७५ | १३.७५/१०० × ३६०[=४९.५[ |
| ६५ प्रतिशतभन्दा माथि | २० | २०/१०० × ३६०[ = ७२[ |

**वृत्त चित्र नं. १**




### ४.१.१ समग्र मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

झापा जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन गर्न चार सामुदायिक र चार संस्थागत विद्यालयका ४०/४० जना गरी जम्मा ८० जना विद्यार्थीहरूलाई प्रतिनिधि जनसङ्ख्याका रूपमा छनोट गरिएको छ । ती विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलना गर्न मध्यमान, मानक विचलन र वृत्त चित्रको माध्यमबाट स्पष्ट पारिएको छ ।

**तालिका नं. (क)**

| प्राप्ताङ्क | विद्यार्थी सङ्ख्या (f) | मध्य विन्दु (×) | fx | $fx^2$ |
|---|---|---|---|---|
| ०–४ | ६ | २ | १२ | २४ |
| ४–८ | ३० | ६ | १८० | १०८० |
| ८–१२ | २८ | १० | २८० | २८०० |
| १२–१६ | १६ | १४ | २२४ | ३१३६ |
| | N = ८० | | $\sum fx$ = ६९६ | $\sum fx^2$ = ७०४० |

हामीलाई थाहा छ,

मध्यमान ($\overline{X}$) = $\frac{\phi fx}{N}$

$= \frac{६९६}{८०}$

= ८.७

मानक विचलन ∃ □ $\sqrt{\frac{\phi fx^{२}}{N} Z \frac{\phi fx}{N}^{२}}$

□ $\sqrt{\frac{७०४०}{८०} Z (८.७)^{२}}$

□ $\sqrt{८८ Z ७५.६९}$

= ३.५०

**तालिका नं. ३**

| कुल विद्यार्थी सङ्ख्या | समग्र मध्यमान | समग्र मानक विचलन | समूह | समूहगत सङ्ख्या | समग्र मध्यमानभन्दा माथि | | समग्र मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ८० | ८.७ | ३.५० | सामुदायिक विद्यालय | ४० | १६ | ४० | २४ | ६० |
| | | | संस्थागत विद्यालय | ४० | २४ | ६० | १६ | ४० |
| | | | छात्र | ४० | १७ | ४२.५ | २३ | ५७.५ |
| | | | छात्रा | ४० | २३ | ५७.५ | १७ | ४२.५ |

प्रस्तुत तालिकामा जम्मा प्रतिनिधि विद्यार्थी सङ्ख्या ८० जना रहेका छन् । यहाँ समग्र मध्यमान ८.७ लाई आधार बनाई विभिन्न समूहका विद्यार्थीहरूको निबन्धलेखन क्षमता देखाइएको छ । यस अध्ययनमा विद्यालयको प्रकृतिका दृष्टिले सामुदायिक र

संस्थागत तर्फका गरी ४०/४० जना विद्यार्थीहरूलाई नमुना छनोटका लागि लिइएको छ । समग्र मध्यमानलाई आधार मान्दा मध्यमानभन्दा माथि सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीको सङ्ख्या १६ (४० प्रतिशत) देखिन्छ । समग्र मध्यमानभन्दा तल २४ (६० प्रतिशत) रहेको देखिनाले सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता समग्रमा कमजोर देखिन्छ ।

संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई समग्र मध्यमानका आधारमा हेर्दा मध्यमानभन्दा तल १६ (४० प्रतिशत) देखिनाले संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता सन्तोषजनक नै रहेको देखिन्छ ।

लैङ्गिकताका आधारमा हेर्दा छात्र ४० र छात्रा ४० जना विद्यार्थीहरू रहेका छन् । समग्र मध्यमानलाई आधारमानी हेर्दा मध्यमानभन्दा माथि छात्र तर्फ १७ (४२.५ प्रतिशत) रहेका छन् भने मध्यमानतल २३ (५७.५ प्रतिशत) रहेका छन् । यसरी हेर्दा छात्रहरूको निबन्धलेखन क्षमता र छात्राहरूको भन्दा कमजोर देखिन्छ ।

## ४.२ विद्यालयको प्रकृतिको आधारमा निबन्धलेखन क्षमताको स्थिति

प्रस्तुत अध्ययनमा विद्यालयको प्रकृतिको आधारमा सामुदायिक र संस्थागत विद्यालयलाई लिइएको छ । जसअन्तर्गत झापा जिल्लाका चार सामुदायिक र चार संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको व्याख्या र विश्लेषण छुट्टछुट्टै तालिकामा गरिएको छ ।

### ४.२.१ सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

प्रस्तुत अध्ययनमा झापा जिल्लाका चार सामुदायिक विद्यालयलाई नमुनाको रूपमा लिइएको छ । नमुनामा परेका चार सामुदायिक विद्यालयका ४० जना कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति निम्नानुसार रहेको छ :

**तालिका नं. ४**

| कुल विद्यार्थी | ३५ प्रतिशतभन्दा कम | | ३५-४५ प्रतिशत | | ४५-५५ प्रतिशत | | ५५-६५ प्रतिशत | | ६५ प्रतिशतभन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सङ्ख्या | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ४० | १२ | ३० | ११ | २७.५ | ८ | २० | ५ | १२.५ | ४ | १० |

प्रस्तुत तालिकामा झापा जिल्लाका सामुदायिक विद्यालयमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखनको प्रतिशताङ्क देखाइएको छ । जसमा नमुनाका


रूपमा ४० जना विद्यार्थीहरू छनोट गरिएको छ । उक्त अध्ययनमा तल्लो श्रेणीका रूपमा निर्धारण गरिएको ३५ प्रतिशतभन्दा कम भएका विद्यार्थीहरूको सङ्ख्या १२ (३० प्रतिशत) देखिन्छ । ३५ देखि ४५ प्रतिशतसम्ममा प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या ११ (२७.५ प्रतिशत) देखिन्छ । त्यसैगरि ४५ देखि ५५ प्रतिशतसम्म ल्याउने विद्यार्थी सङ्ख्या ८ (२० प्रतिशत) देखिन आएको छ । ५५ देखि ६५ प्रतिशतसम्मका विद्यार्थीहरूको सङ्ख्या ५ (१२.५ प्रतिशत) देखियो, भने माथिल्लो श्रेणीमा ६५ प्रतिशतभन्दा माथि ४(१० प्रतिशत) मात्र देखिएको छ । यसबाट के भन्न सकिन्छ भने सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता राम्रो मान्न सकिँदैन ।

माथिको तालिकाको आधारमा वृत्त चित्रमा निम्नानुसार देखाइएको छ :

**तालिका नं. ५**

| प्राप्ताङ्क | विद्यार्थी सङ्ख्या प्रतिशतमा | विद्यार्थी सङ्ख्याका आधारमा प्राप्त डिग्री |
|---|---|---|
| ३५ प्रतिशतभन्दा कम | ३० | ३०/१०० × ३६०[ =१०८[ |
| ३५-४५ प्रतिशत | २७.५ | २७.५/१०० × ३६०[ =९९[ |
| ४५-५५ प्रतिशत | २० | २०/१०० × ३६०[ = ७२[ |
| ५५-६५ प्रतिशत | १२.५ | १२.५/१०० × ३६०[ =४५[ |
| ६५ प्रतिशतभन्दा माथि | १० | १०/१०० × ३६०[ = ३६[ |

**वृत्त चित्र नं. २**




### ४.२.२ मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

**तालिका नं. ६**

| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ४० | ८.२ | ३.३४ | १९ | ४७.५ | २१ | ५२.५ |

प्रस्तुत तालिकामा मध्यमान ८.२ र मानक विचलन ३.३४ रहेको छ । उक्त तालिका अनुसार मध्यमानलाई आधारमानी हेर्दा मध्यमानमाथि १९ (४७.५ प्रतिशत) र मध्यमानभन्दा तल २१ (५२.५ प्रतिशत) देखिन आएको छ । उक्त अध्ययनबाट के पुष्टि हुन्छ भने मध्यमानभन्दा माथि सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या कम र मध्यमानभन्दा तल विद्यार्थीहरूको सङ्ख्या बढी हुनुले सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता सन्तोषजनक नै छ भन्ने मान्न सकिँदैन ।

### ४.२.३ संस्थागत विद्यालयका समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

प्रस्तुत अध्ययनमा झापा जिल्लाका चार संस्थागत विद्यालयलाई नमुनाको रूपमा लिइएको छ । नमुनामा परेका चार ओटा संस्थागत विद्यालयका ४० जना कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति निम्नानुसार रहको छ :

**तालिका नं. ७**


| कुल विद्यार्थी | ३५ प्रतिशतभन्दा कम | | ३५-४५ प्रतिशत | | ४५-५५ प्रतिशत | | ५५-६५ प्रतिशत | | ६५ प्रतिशतभन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सङ्ख्या | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ४० | ८ | २० | ७ | १७.५ | ७ | १७.५ | ६ | १५ | १२ | ३० |

प्रस्तुत तालिकामा झापा जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको प्रतिशताङ्क निकालिएको छ । जसमा नमुना जनसङ्ख्यामा ४० जना विद्यार्थीहरू छनोट गरिएको छ । उक्त अध्ययनमा तल्लो श्रेणीका रूपमा निर्धारण गरिएको ३५ प्रतिशतभन्दा कम भएका विद्यार्थीहरूको सङ्ख्या ८ (२० प्रतिशत) रहेको छ । ३५ देखि ४५ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहको सङ्ख्या ७ (१७.५ प्रतिशत) रहेको छ । त्यसैगरी ४५-५५ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ७ (१७.५ प्रतिशत) रहेको छ । ५५ देखि ६५ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ६ ( १५ प्रतिशत) रहेको देखिन्छ । त्यसैगरी उच्च श्रेणीका रूपमा ६५ प्रतिशतभन्दा माथि रहेका विद्यार्थीहरूको सङ्ख्या १२ (३० प्रतिशत) रहेको देखिन्छ । यस तथ्यले निबन्धलेखन क्षमतामा झापा जिल्लाका कक्षा आठमा अध्ययनरत संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता सन्तोषजनक नै रहेको पाइन्छ । माथिको तालिकाको आधारमा वृत्त चित्रमा निम्नानुसार देखाइएको छः

**तालिका नं. ८**

| प्राप्ताङ्क | विद्यार्थी सङ्ख्या प्रतिशतमा | विद्यार्थी सङ्ख्याका आधारमा प्राप्त डिग्री |
|---|---|---|
| ३५ प्रतिशतभन्दा कम | २० | २०/१०० × ३६०[ = ७२[ |
| ३५-४५ प्रतिशत | १७.५ | १७.५/१०० × ३६०[ = ६३[ |
| ४५-५५ प्रतिशत | १७.५ | १७.५/१०० × ३६०[ = ६३[ |
| ५५-६५ प्रतिशत | १५ | १५/१०० × ३६०[ =५४[ |
| ६५ प्रतिशतभन्दा माथि | ३० | ३०/१०० × ३६०[ = १०८[ |

**वृत्त चित्र नं. ३**




### ४.२.४ मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

**तालिका नं. ९**

| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ४० | ९.२ | ३.६ | २१ | ५२.५ | १९ | ४७.५ |

उक्त तालिका अनुसार संस्थागत विद्यालयको प्रतिनिधि जनसङ्ख्या ४० जना मध्ये मध्यमानभन्दा माथि रहेका विद्यार्थीहरूको सङ्ख्या २१ (५२.५ प्रतिशत) रहेको छ, भने मध्यमानभन्दा तल रहेका विद्यार्थीहरूको सङ्ख्या १९ (४७.५ प्रतिशत) रहेको छ । त्यसकारण संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता सन्तोषजनक मान्न सकिन्छ ।

### ४.२.५ विद्यालयको प्रकृतिको आधारमा निबन्धलेखन क्षमताको तुलनात्मक स्थिति

प्रस्तुत अध्ययनमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता पहिल्याउने उद्देश्य राखिएको छ । यस अध्ययनमा विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूका बीचमा निबन्धलेखन क्षमताको के-कति भिन्नता छ भन्ने तुलनात्मक अध्ययन

गरिएको छ । तुलनात्मक विश्लेषणलाई पूर्ण रूपमा वस्तुगत आधारमा विश्लेषण गर्ने दृष्टिकोण राखी मध्यमान र मानक विचलनबाट तुलनात्मक अध्ययन गरिएको छ ।

**तालिका नं. १०**

| समूह | विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन |
|---|---|---|---|
| सामुदायिक | ४० | ८.२ | ३.३४ |
| संस्थागत | ४० | ९.२ | ३.६ |

उक्त तालिकामा सामुदायिक विद्यालयतर्फका ४० र संस्थागत विद्यालयतर्फका ४० जना विद्यार्थीहरू प्रतिनिधि नमुना जनसङ्ख्याका रूपमा रहेका छन् । सामुदायिक विद्यालयतर्फको मध्यमान ८.२ र संस्थागत विद्यालय तर्फको मध्यमान ९.२ रहेको छ । मानक विचलन सामुदायिक विद्यालयको ३.३४ र संस्थागत विद्यालयको मानक विचलन ३.६ रहेको छ । यसरी हेर्दा सामुदायिक विद्यालय र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमतामा सार्थक अन्तर छ भन्ने पुष्टि हुन्छ ।

यहाँ, सामुदायिक विद्यालयका विद्यार्थीहरूको मध्यमानक आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको मध्यमानकलाई हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको मध्यमान संस्थागत विद्यालयका विद्यार्थीहरूको मध्यमानभन्दा १ ले बढी छ । यसबाट सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुभन्दा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता उच्च रहेको देखिन्छ । त्यसैगरी मानक विचलनलाई हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको मानक विचलनभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको मानक विचलन ०.२६ ले बढी देखिन्छ । यसरी संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको मानक विचलन सामुदायिक विद्यालयका विद्यार्थीहरूको भन्दा बढी देखिनुले यी दुई विद्यालयहरूका विद्यार्थीहरूको निबन्धलेखन क्षमतामा सार्थक अन्तर रहेको स्पष्ट हुन्छ ।

### ४.३ लैङ्गिकताका आधारमा निबन्धलेखन क्षमताको स्थिति

झापा जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन गर्न लैङ्गिकताको आधारमा विद्यार्थीहरूलाई विभाजन गरिएको छ । प्रस्तुत अध्ययनमा लैङ्गिकताका दृष्टिले कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति छुट्टाछुट्टै तालिकामा देखाइएको छ ।

### ४.३.१ छात्रहरूको निबन्धलेखन क्षमताको स्थिति

प्रस्तुत अध्ययनमा झापा जिल्लाका चार सामुदायिक र चार संस्थागत विद्यालयका ४० जना कक्षा आठमा अध्ययनरत छात्रहरूलाई लिइएको छ । छनोट गरिएका छात्रहरूको निबन्धलेखन क्षमताको स्थिति निम्नानुसार रहेको छः

**तालिका नं. ११**

| कुल विद्यार्थी सङ्ख्या | ३५ प्रतिशतभन्दा कम | | ३५-४५ प्रतिशत | | ४५-५५ प्रतिशत | | ५५-६५ प्रतिशत | | ६५ प्रतिशतभन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ४० | ९ | २२.५ | १० | २५ | ९ | २२.५ | ६ | १५ | ६ | १५ |


माथिको तालिकामा प्रतिनिधि जनसङ्ख्याका रूपमा ४० जना छात्रहरूको चयन गरिएको छ । जहाँ ३५ प्रतिशतभन्दा कम निबन्धलेखन क्षमता भएका छात्रहरूको सङ्ख्या ९ (२२.५ प्रतिशत) रहेको छ । ३५ प्रतिशत देखि ४५ प्रतिशतसम्मका छात्रहरूको सङ्ख्या १० (२५ प्रतिशत) रहेको देखिन्छ । त्यसैगरी ४५ देखि ५५ प्रतिशतसम्म निबन्धलेखन भएका छात्रहरूको सङ्ख्या ९ (२२.५ प्रतिशत) रहेको छ । ५५ देखि ६५ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने छात्रको सङ्ख्या ६ (१५ प्रतिशत) रहेको छ । अध्ययनका क्रममा उच्चतम श्रेणी मापन गरिएको ६५ प्रतिशतभन्दा माथि निबन्धलेखन क्षमता भएका छात्रहरूको सङ्ख्या ६ (१५ प्रतिशत) रहेको छ । उपयुक्त  तथ्यले झापा जिल्लाका कक्षा आठमा अध्ययनरत छात्रहरूको निबन्धलेखन क्षमता सन्तोषजनक मान्न सकिँदैन ।

माथिको तालिकाको आधारमा वृत्त चित्रमा निम्नानुसार देखाइएको छः

**तालिका नं. १२**

| प्राप्ताङ्क | विद्यार्थी सङ्ख्या प्रतिशतमा | विद्यार्थी सङ्ख्याका आधारमा प्राप्त डिग्री |
|---|---|---|
| ३५ प्रतिशतभन्दा कम | २२.५ | २२.५/१०० × ३६०[ = ८१[ |
| ३५-४५ प्रतिशत | २५ | २५/१०० × ३६०[ = ९०[ |
| ४५-५५ प्रतिशत | २२.५ | २२.५/१०० × ३६०[ = ८१[ |
| ५५-६५ प्रतिशत | १५ | १५/१०० × ३६०[ =५४[ |
| ६५ प्रतिशतभन्दा माथि | १५ | १५/१०० × ३६०[ = ५४[ |

वृत्त चित्र नं. ४




### ४.३.२ मध्यमान र मानक विचलनका आधारमा छात्रहरूको निबन्धलेखन क्षमताको स्थिति

तालिका नं. १३

| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ४० | ८ | ३.०९८ | १९ | ४७.५ | २१ | ५२.५ |

प्रस्तुत तालिकामा मध्यमान ८ र मानक विचलन ३.०९८ रहेको छ । मध्यमानलाई आधारमानी हेर्दा मध्यमानभन्दा माथि निबन्धलेखन क्षमता भएका विद्यार्थीरुको सङ्ख्या १९ (४७.५ प्रतिशत) र मध्यमानभन्दा तल निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २१ (५२.५ प्रतिशत) रहेको पाइयो । मध्यमानभन्दा माथि निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्याभन्दा मध्यमानभन्दा तल भएका विद्यार्थीहरूको सङ्ख्या बढी हुनाले कक्षा आठमा अध्ययनरत विद्यार्थी छात्रहरूको निबन्धलेखन क्षमता राम्रो मान्न सकिँदैन ।

### ४.३.३ छात्राहरूको निबन्धलेखन क्षमताको स्थिति

प्रस्तुत अध्ययनमा झापा जिल्लाका चार सामुदायिक र चार संस्थागत विद्यालयका ४० जना कक्षा आठमा अध्ययनरत छात्रा रहेका छन् । छनोटमा परेका कक्षा आठमा अध्ययनरत छात्राहरूको निबन्धलेखन क्षमताको स्थिति निम्नानुसार रहेको छ ।

**तालिका नं. १४**

| कुल विद्यार्थी सङ्ख्या | ३५ प्रतिशतभन्दा कम | | ३५-४५ प्रतिशत | | ४५-५५ प्रतिशत | | ५५-६५ प्रतिशत | | ६५ प्रतिशतभन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ४० | ११ | २७.५ | ८ | २० | ६ | १५ | ६ | १५ | ९ | २२.५ |


प्रस्तुत तालिकामा प्रतिनिधि नमुना जनसङ्ख्याका रूपमा ४० जना छात्राहरूलाई लिइएको छ । यहाँ ३५ प्रतिशतभन्दा कम निबन्धलेखन क्षमता भएका छात्राहरूको सङ्ख्या ११ (२७.५ प्रतिशत) रहेको छ । ३५ देखि ४५ प्रतिशतसम्मका छात्राहरूको सङ्ख्या ८ (२० प्रतिशत) रहेको छ । त्यसैगरी ४५ देखि ५५ प्रतिशतसम्म निबन्धलेखन क्षमता भएका विद्यार्थीको सङ्ख्या ६ (१५ प्रतिशत) रहेको छ । ५५ देखि ६५ प्रतिशतसम्मका छात्राहरूको सङ्ख्या ६(१५ प्रतिशत) रहेको देखिन्छ भने ६५ प्रतिशतभन्दा माथि रहेका छात्राहरूको सङ्ख्या ९ (२२.५ प्रतिशत) रहेको देखिन्छ । यसरी हेर्दा झापा जिल्लाका कक्षा आठमा अध्ययनरत छात्राहरूको निबन्धलेखन क्षमता छात्रहरूको भन्दा केही हदसम्म राम्रो भएपनि सन्तोषजनक मान्न सकिँदैन ।

माथिको तालिकाको आधारमा वृत्तचित्रमा निम्नानुसार देखाइएको छ :

**तालिका नं. १५**

| प्राप्ताङ्क | विद्यार्थी सङ्ख्या प्रतिशतमा | विद्यार्थी सङ्ख्याका आधारमा प्राप्त डिग्री |
|---|---|---|
| ३५ प्रतिशतभन्दा कम | २७.५ | २७.५/१०० × ३६०° = ९९° |
| ३५-४५ प्रतिशत | २० | २०/१०० × ३६०° = ७२° |
| ४५-५५ प्रतिशत | १५ | १५/१०० × ३६०° = ५४° |
| ५५-६५ प्रतिशत | १५ | १५/१०० × ३६०° = ५४° |
| ६५ प्रतिशतभन्दा माथि | २२.५ | २२.५/१०० × ३६०° = ८१° |

**वृत्त चित्र नं. ५**



८१°
९९°
७२°
५४°
५४°
३५ प्रतिशत भन्दा कम
३५-४५ प्रतिशत
४५-५५ प्रतिशत
५५ -६५ प्रतिशत
६५ प्रतिशत भन्दा माथि

### ४.३.४ मध्यमान र मानक विचलनका आधारमा छात्राहरूको निबन्धलेखन क्षमताको स्थिति

**तालिका नं. १६**

| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ४० | ९.४ | ३.८ | २० | ५० | २० | ५० |

प्रस्तुत तालिकामा मध्यमान ९.४ र मानक विचलन ३.८ रहेको छ । मध्यमानलाई आधार बनाइ हेर्दा मध्यमानभन्दा माथि र मध्यमानभन्दा तल बराबर अथावा ५०/५० प्रतिशत देखिएको छ । यसबाट के भन्न सकिन्छ भने प्राप्ताङ्क आधारमा विद्यार्थीहरूले उच्च अङ्क प्राप्त गर्न नसके पनि छात्रको तुलनामा छात्राको निबन्धलेखन क्षमता केही मात्रामा राम्रो मान्न सकिन्छ ।

### ४.३.५ लैङ्गिकताका आधारमा निबन्धलेखन क्षमताको तुलनात्मक स्थिति

झापा जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन गर्न लैङ्गिकताका आधारमा विद्यार्थीहरूलाई विभाजन गरी तुलनात्मक अध्ययन गरिएको छ ।

**तालिका नं. १७**

| समुह | विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन |
|---|---|---|---|
| छात्र | ४० | ८ | ३.०९८ |
| छात्रा | ४० | ९.४ | ३.८ |

माथिको तालिकामा ४० जना छात्र र ४० जना छात्राहरूलाई प्रतिनिधि नमुना जनसङ्ख्याको रूपमा लिइएको छ। छात्र र छात्रा समूहको मध्यमान क्रमश: ३.०९८ र ३.८ रहेको छ। समूहगत रूपमा मानक विचलन छात्रतर्फ ८ र छात्रातर्फ ९.४ रहेको छ।

प्रस्तुत तालिकाको विश्लेषण गर्दा छात्राहरूको मध्यमान छात्रहरूको भन्दा १.४ ले बढी देखिन्छ । तसर्थ छात्रहरूको निबन्धलेखन क्षमताभन्दा छात्राहरूको निबन्धलेखन क्षमता उच्च रहेको मान्न सकिन्छ ।

## ४.४ नेपालीभाषी र दोस्रोभाषीका आधारमा निबन्धलेखन क्षमताको स्थिति

झापा जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन गर्न नेपालीभाषी र दोस्रोभाषीका आधारमा विद्यार्थीहरूको विभाजन गरिएको छ । प्रस्तुत अध्ययनमा नेपालीभाषी र दोस्रोभाषीका आधारमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति छुट्टा छुट्टै तालिका गरी प्रस्तुत गरिएको छ :

### ४.४.१ नेपालीभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

**तालिका नं. १८**

| कुल विद्यार्थी सङ्ख्या | ३५ प्रतिशतभन्दा कम | | ३५-४५ प्रतिशत | | ४५-५५ प्रतिशत | | ५५-६५ प्रतिशत | | ६५ प्रतिशतभन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ९ | १८ | ८ | १६ | १३ | २६ | ८ | १६ | १२ | २४ |


माथिको तालिकामा पहिलो भाषी अथवा मातृभाषी नेपाली हुने विद्यार्थीहरूको निबन्धलेखन क्षमताको पहिचान गर्न ५० जना विद्यार्थीहरूलाई नमुना जनसङ्ख्याका रूपमा चयन गरिएको छ र पाँच श्रेणी निर्धारण गरिएको छ । जम्मा ५० जना विद्यार्थीहरू मध्ये ३५ प्रतिशतभन्दा निबन्धलेखन क्षमता भएको विद्यार्थीहरूको सङ्ख्या ९ (१८ प्रतिशत) रहेको देखिन्छ । ३५ देखि ४५ प्रतिशतसम्मका विद्यार्थीहरूको सङ्ख्या ८ (१६ प्रतिशत) देखिन आएको छ । ४५ देखि ५५ प्रतिशतसम्मका विद्यार्थीहरुको सङ्ख्या १३ (२६ प्रतिशत) देखिन आएको छ भने ५५ देखि ६५ प्रतिशतसम्म निबन्धलेखन क्षमता भएका विद्यार्थीहरुको सङ्ख्या ८ (१६प्रतिशत) देखिन आएको छ । उच्च श्रेणीका रुपमा निधारण गरिएको ६५ प्रतिशतभन्दा माथि १२ (२४ प्रतिशत) रहेको देखिन्छ । उक्त तथ्याङ्कहरूको विश्लेषण गर्दा ३५ प्रतिशतभन्दा कम ल्याउने विद्यार्थीहरूको सङ्ख्या (प्रतिशत) भन्दा ६५ प्रतिशतभन्दा माथि ल्याउने विद्यार्थीहरूको सङ्ख्या बढी हुनुले नेपालीभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमता राम्रो मान्न सकिन्छ ।

माथिको तालिकाको आधारमा वृत्त चित्रमा निम्नानुसार देखाइएको छ :

**तालिका नं. १९**

| प्राप्ताङ्क | विद्यार्थी सङ्ख्या प्रतिशतमा | विद्यार्थी सङ्ख्याका आधारमा प्राप्त डिग्री |
|---|---|---|
| ३५ प्रतिशतभन्दा कम | १८ | १८/१०० × ३६०[ = ६४.८[ |
| ३५-४५ प्रतिशत | १६ | १६/१०० × ३६०[ = ५७.६[ |
| ४५-५५ प्रतिशत | २६ | २६/१०० × ३६०[ = ९३.६[ |
| ५५-६५ प्रतिशत | १६ | १६/१०० × ३६०[ = ५७.६[ |
| ६५ प्रतिशतभन्दा माथि | २४ | २४/१०० × ३६०[ = ८६.४[ |

**वृत्त चित्र नं. ६**




### ४.४.२ मध्यमान र मानक विचलनका आधारमा नेपालीभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

**तालिका नं. २०**

| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ९.२ | ३.२ | २५ | ५० | २५ | ५० |

प्रस्तुत तालिकामा मातृभाषी नेपाली विद्यार्थीहरूको निबन्धलेखन क्षमताको पहिचान गर्न जम्मा ५० जना विद्यार्थीहरूलाई नमुना जनसङ्ख्याको रूपमा छनोट गरिएको छ । जसमा मध्यमानभन्दा माथि र मध्यमानभन्दा तल बराबर अथाव ५०/५० प्रतिशत आएको देखिन्छ । यसरी हेर्दा मातृभाषी नेपाली विद्यार्थीहरूको निबन्धलेखन क्षमता सामान्य नै रहेको मान्न सकिन्छ । त्यस्तै मानक विचलनका आधारमा हेर्दा मानक विचलन ३.२ रहेको देखिन्छ ।

### ४.४.३ दोस्रोभाषी (विमातृभाषी) विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

**तालिका नं. २१**

| कुल विद्यार्थी | ३५ प्रतिशतभन्दा कम | | ३५-४५ प्रतिशत | | ४५-५५ प्रतिशत | | ५५-६५ प्रतिशत | | ६५ प्रतिशतभन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सङ्ख्या | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ३० | ११ | ३६.६६ | १० | ३३.३३ | ३ | १० | २ | ६.६६ | ४ | १३.३३ |


प्रस्तुत तालिका अनुसार पाँच श्रेणी निर्धारण गरी निबन्धलेखन क्षमताको सङ्ख्या र प्रतिशताङ्क देखाइएको छ । जसमा दोस्रोभाषी विद्यार्थीहरूबाट ३० जना प्रतिनिधि जनसङ्ख्याको रूपमा छनोट गरिएको छ । जहाँ ३५ प्रतिशतभन्दा कम ल्याउने विद्यार्थीहरूको सङ्ख्या ११ (३६.६६) प्रतिशत रहेको छ । ३५-४५ प्रतिशतसम्म प्राप्ताङ्क ल्याउने विद्यार्थीको सङ्ख्या १० (३३.३३ प्रतिशत) रहेको छ । त्यसैगरि ४५-५५ प्रतिशतसम्म प्राप्ताङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या ३ (१० प्रतिशत) रहेको छ । ५५-६५ प्रतिशतसम्म प्राप्ताङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या २ (६.६६ प्रतिशत) रहेको छ भने उच्चतम श्रेणी मापन गरिएको ६५ प्रतिशत माथि प्राप्ताङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या ४ (१३.३३ प्रतिशत) रहेको छ । उक्त तालिकाका आधारमा दोस्रोभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमता कमजोर देखिन्छ ।

माथिको तालिकाको आधारमा वृत्तचित्रमा निम्नानुसार देखाइएको छ :

## तालिका नं. २२

| प्राप्ताङ्क | विद्यार्थी सङ्ख्या प्रतिशतमा | विद्यार्थी सङ्ख्याका आधारमा प्राप्त डिग्री |
|---|---|---|
| ३५ प्रतिशतभन्दा कम | ३६.६६ | ३६.६६/१०० × ३६०° = १३२° |
| ३५-४५ प्रतिशत | ३३.३३ | ३३.३३/१०० × ३६०° = १२०° |
| ४५-५५ प्रतिशत | १० | १०/१०० × ३६०° = ३६° |
| ५५-६५ प्रतिशत | ६.६६ | ६.६६/१०० × ३६०° = २४° |
| ६५ प्रतिशतभन्दा माथि | १३.३३ | १३.३३/१०० × ३६०° = ४८° |

## वृत्त चित्र नं. ७




### ४.४.४ मध्यमान र मानक विचलनका आधारमा दोस्रोभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

## तालिका नं. २३

| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ३० | ७.८६ | ३.७ | १३ | ४३.३३ | १७ | ५६.६६ |

माथि प्रस्तुत गरिएको तालिका अनुसार जम्मा प्रतिनिधि जनसङ्ख्या ३० जना दोस्रोा भाषी विद्यार्थीहरूलाई चयन गरिएको छ । तीमध्ये मध्यमानभन्दा तल १७ (५६.६६ प्रतिशत) विद्यार्थीहरू र मध्यमानभन्दा माथि १३ (४३.३३ प्रतिशत) विद्यार्थीहरू रहेका छन् । यसरी हेर्दा मध्यमानभन्दा माथि र मध्यमानभन्दा तल भएका विद्यार्थीहरूको सङ्ख्यामा केही फरक नै रहेको मान्न सकिन्छ । त्यस्तै मानक विचलनका आधारमा हेर्दा मानक विचनल ३.७ देखिन्छ । यसबाट विद्यार्थीहरूबीच क्षमतागत एकरूपता नरहेको स्पष्ट हुन्छ ।

### ४.४.५ नेपालीभाषी र दोस्रोभाषीका आधारमा निबन्धलेखन क्षमताको तुलना

झापा जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन गर्नका लागि नेपालीभाषी र दोस्रोभाषीका आधारमा विद्यार्थीहरूको विभाजन गरी तुलनात्मक अध्ययन गरिएको छ । उक्त तुलना तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २४**

| **समूह** | **विद्यार्थी सङ्ख्या** | **मध्यमान** | **मानक विचलन** |
|---|---|---|---|
| नेपालीभाषी | ५० | ९.२ | ३.२ |
| दोस्रोभाषी | ३० | ७.८६ | ३.७ |

माथिको तालिकामा पहिलो नेपालीभाषी ५० जना र दोस्रोभाषी ३० जना विद्यार्थीहरूलाई प्रतिनिधि नमुना जनसङ्ख्याको रूपमा लिइएको छ । नेपालीभाषी र दोस्रोभाषीको मध्यमान क्रमशः ९.२ र ७.८६ रहेको छ । समूहगत रूपमा हेर्दा मानक विचलन नेपालीभाषी तर्फ ३.२ र दोस्रोभाषी तर्फ ३.७ रहेको छ ।

प्रस्तुत तालिकालाई हेर्दा नेपाली पहिलो भाषी विद्यार्थीहरूको मध्यमान दोस्रोभाषी विद्यार्थीहरूको भन्दा बढी देखिएको छ । त्यसकारण दोस्रोभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमता सन्तोषजनक मान्न सकिँदैन । मानक विचलनलाई आधार मानी हेर्दा दोस्रोभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमता केही कमजोर नै छ भन्ने प्रष्ट हुन्छ ।

# अध्याय पाँच

# सारांश, निष्कर्ष र उपयोगिता

## ५.१ सारांश

प्रसतुत अध्ययनमा 'झापा जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन' शीर्षक रहेको छ । उक्त शीर्षक सम्बन्धी विश्लेषण गर्न ८० जना विद्यार्थीहरूलाई प्रतिनिधि नमुना जनसङ्ख्याका रूपमा छनोट गरिएको छ। जसमा ४० जना सामुदायिक र ४० जना संस्थागत विद्यालयका छात्र र छात्राहरू त्यसमा पनि पहिलो भाषी नेपाली र दोस्रो विमातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थितिलाई प्रतिशताङ्क, मध्यमान र मानक विचलनका आधारमा निबन्धलेखन क्षमताको व्याख्या विश्लेषण गरिएको छ । विश्लेषणमा पाँच ओटा श्रेणी निर्धारण गरी गरिएको अध्ययन गरिएको छ । अध्ययनमा बहुसङ्ख्यक विद्यार्थीहरू ३५ प्रतिशतभन्दा कम क्षमता भएको पाइएका छन् ।

यस अनुसन्धानको अध्ययनमा शीर्षक, परिचय, संयोजन, प्रस्तुतीकरण, भाषिक शुद्धता र निष्कर्ष जस्ता आधारमा उत्तर पुस्तिकालाई अङ्कन गरिएको छ। यिनै आधारमा अध्ययन गर्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताभन्दा सामुदायिक विद्यालय विद्यार्थीहरूको निबन्धलेखन क्षमता कमजोर रहेको छ । लैङ्गिकताका आधारमा हेर्दा छात्रहरूको निबन्धलेखन क्षमताभन्दा छात्राहरूको निबन्धलेखन क्षमता उच्च पाइयो । त्यसैगरि नेपाली पहिलो भाषी र दोस्रोभाषी विद्यार्थीहरूलाई हेर्दा दोस्रोभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमता कमजोर रहेको छ।

प्रस्तुत अध्ययनमा 'झापा जिल्ला कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन' शीर्षकमा अध्ययन गर्न चार सामुदायिक र चार संस्थागत विद्यालयका ४०/४० जना गरी ८० जना विद्यार्थीहरूलाई प्रतिनिधि जनसङ्ख्या रूपमा छनोट गरिएको छ। जसमा सामुदायिक विद्यालय ४० जना र संस्थागत विद्यालयका ४० छात्रछात्राहरूको प्रतिशताङ्क, मध्यमान र मानक विचलनका आधारमा विश्लेषण गरिएको छ । विश्लेषणका क्रममा समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमतालाई हेर्दा ३५ प्रतिशतभन्दा कम निबन्धलेखन क्षमता भएका विद्यार्थीहरू पाइए ।

यसरी हेर्दा कक्षा आठमा अध्ययनरत विद्यार्थीको निबन्धलेखन क्षमतामा कमी हुनु भनेको साहित्यको विधा स्पष्ट नहुनु, निबन्ध सम्बन्धी धारणा भएपनि विषय वस्तुको क्रमबद्धता, विषयवस्तु संयोजन, प्रस्तुतीकरण र भाषिक शुद्धता जस्ता पक्षमा भने ध्यान नदिएको सामदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता उच्च रहेको, लैगिकताका आधारमा हेर्दा छात्रको भन्दा छात्राहरू केही अगाडि र पहिलो भाषी र दोस्रोभाषीका बीचमा तुलना गर्दा पहिलो भाषीका विद्यार्थीहरू नै उच्च रहेका देखिन्छन् ।

निबन्धलेखन क्षमतालाई प्राथमिकता दिन नेपाली विषयका पाठ्यपुस्तकहरूमा सिर्जनात्मक अभ्यास अन्तर्गत निबन्धलेखनलाई प्रेरित गरेको पाइन्छ । भाषाका चारै सीप सुनाइ, बोलाइ, पढाइ, लेखाइ मध्ये निबन्ध लेखाइसीप अन्तर्गत पर्दछ । नेपाली भाषा विद्यालय तहमा लेखाइ शिक्षणलाई शिक्षण सिकाइ प्रक्रियाकै मह□वपूर्ण अङ्गको रूपमा लिइन्छ । अन्य शैक्षणिक क्रियाकलापमा भन्दा अतिरिक्त लेखनकलामा विद्यार्थीहरूलाई दक्ष बनाउन, सिर्जनात्मक क्षमताको विकास गराउन निबन्धलेखन शिक्षणको मह□वपूर्ण भूमिका रहेको हुन्छ ।

## ५.२ निष्कर्ष

झापा जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययनबाट निम्न लिखित निष्कर्ष निकाल्न सकिन्छ :

१. समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको प्रतिशताङ्क गणना गर्दा न्यूनतम श्रेणीको रूपमा मापन गरिएको ३५ प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २५ प्रतिशत र उच्चतम अङक प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २० प्रतिशत देखिनाले झापा जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता केही कमजोर देखिन्छ ।

२. विद्यालयको प्रकृतिको आधारमा सामुदीयक विद्यालयको तुलनामा संस्थागत विद्यालयको मध्यमान १ प्रतिशतले बढी देखिन आएकाले सामुदायिक भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता राम्रो मान्न सकिन्छ ।

३. लैङ्गिकताका आधारमा जम्मा छात्र सङ्ख्या ४० जना रहेकामा प्राप्ताङ्कको आधारमा मध्यमान ८ देखिन्छ भने छात्राहरूको तर्फ जम्मा ४० जना रहेकामा प्राप्ताङ्कको गणनामा मध्यमान ९.४ देखिन्छ । यस आधारमा छात्राहरूको निबन्धलेखन क्षमता छात्रहरूको तुलनामा उच्च रहेको देखिन्छ ।

४. भाषिक पृष्ठभूमिका आधारमा नेपालीभाषी विद्यार्थीहरूको मध्यमान दोस्रोभाषी विद्यार्थीहरूको भन्दा १.३४ ले बढी देखिएकाले नेपालीभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमता दोस्रोभाषी विद्यार्थीहरूको भन्दा राम्रो देखिन्छ ।

## ५.३ उपयोगिता

### ५.३.१ नीतिगत तह

कुनै पनि विषयमा केन्द्रित भएर स्वतन्त्र ढङ्गले लेखिने गद्यात्मक अभिव्यक्ति नै निबन्ध हो । निबन्धलेखन अभिवृद्धिका लागि विभिन्न नीतिहरू निर्माण गर्न आवश्यक देखिन्छ । यसका लागि शिक्षक अभिभावक तथा सामुदायिक स्तरबाट नै उपायको खोजी गर्नुपर्छ ।

नेपाल सकारले शिक्षा नीति सैद्धान्तिक रूपमा मात्र प्रयोग नगरी व्यवहारिक रूपमा उपयोगी हुने पाठ्यक्रम र पाठ्यपुस्तकको व्यवस्था गर्नुपर्दछ । त्यसमा प्रयोग भएको सिर्जनात्मक क्रियाकलापमा विद्यार्थीहरूलाई सक्रिय रूपमा सहभागी बनाइ उनीहरूमा आत्मविश्वास र उत्साहका साथ लाग्न शिक्षक तथा अभिभावकहरूले पूर्ण रूपमा हौसला प्रदान गर्नुका साथै निबन्धलेखन जस्ता सिर्जनात्मक क्रियाकलापका लागि प्रसस्त मात्रामा सान्दर्भिक पुस्तक पत्रपत्रिका पढ्न लगाउन उत्प्रेरित गराउने त्यसका लागि शिक्षक, अभिभावक, विद्यार्थी र बीचमा तालमेल हुनुपर्दछ । शिक्षा नीति पारदर्शी हुनुपर्छ ।

### ५.३.२ प्रयोगात्मक तहः

यस अध्ययनबाट विद्यालय, शिक्षक, अभिभावक तथा विद्यार्थीले निबन्धलेखनका क्रममा आइपर्ने समस्याहरूको समाधान गर्न सकिने कुराको जानकारी हुन्छ । विद्यार्थी स्वयम्ले देखेको कुनै कुरा, विषयवस्तु, आकृति, आकार प्रकार, त्यसका फाइदा, बेफाइदा जस्ता देखिने र नदेखिने कुनैपनि वस्तुको वर्णन गर्न सक्ने क्षमताको विकास हुँदै जान्छ ।

अपूर्त र मूर्त विषयको पनि वर्णन सहज रूपमा गर्न सकिन्छ । आफूलाई सोधिएको विषयमा निबन्धलेखन सीप बढाउन आफूभन्दा अग्रज दाजु दिदी साथी भाइहरूका सहयोग लिन सकिन्छ । निबन्धलेखन लेखाइसीपसँग सम्बन्धित भएकाले जुन विषयमा निबन्ध लिखिने हो । त्यस विषयप्रति विद्यार्थीहरू जानकार हुनै पर्दछ । त्यसमा पनि निबन्धलेखनका प्रयोगात्मक विधिहरू विषयवस्तुको क्रमबद्धता, विषय संयोजन प्रस्तुतीकरण र भाषिक शुद्धता विशेष ख्याल पुऱ्याउनु पर्दछ । अनिमात्र पूर्ण र राम्रो निबन्ध तयार हुन्छ । यस अध्ययनको शैक्षिक उपयोगिताहरू निम्नानुसार छन्:

१. प्रस्तुत अध्ययनबाट निम्न माध्यमिक तह (कक्षा आठ) मा नेपाली भाषा पाठ्यक्रम निर्माण, परिष्कार र परिमार्जनमा सहयोग पुग्नेछ ।

२. प्रस्तुत अध्ययनले लेखाइसीपको मूल्याङ्कन गरी कक्षा शिक्षणका लागि सहयोग पुऱ्याउने छ ।

३. विद्यार्थीहरूको मनोविज्ञानलाई ध्यानमा राखी उनीहरूको रुची र स्तर अनुसारको पाठ्यपुस्तक निर्माण गर्दा समाविष्ट गरिने भाषिक सीपहरू विद्यार्थीहरूका क्षेत्र लिङ्ग, भाषिक पृष्ठभूमि र उमेर आदि कुरालाई मध्यनजर गरी समावेश गर्नु पर्दछ भन्ने कुरामा सचेत र सजग बनाउने छ ।

५. अध्ययनरत विद्यार्थीहरू स्वयम्लाई यस अध्ययनबाट आत्ममूल्याङ्कन गरी आफ्नो कमी कमजोरी सुधार गर्ने अवसर प्राप्त हुन्छ ।

६. प्रस्तुत अध्ययन विद्यार्थीहरूको निबन्धलेखन क्षमतासँग सम्बन्धित अन्य अनुसन्धानका लागि यो अध्ययन मार्गनिर्देशक बन्ने छ ।

७. प्रस्तुत अध्ययनबाट भाषिक सीपका दृष्टिले पाठ्यपुस्तकको कठिनाइ स्तर र पढाइ स्तरको अनुगमन गर्न सहयोग मिल्नेछ ।

८. प्रस्तुत अध्ययनले विद्यालय तहमा विषय शिक्षकले नेपाली भाषा शिक्षण गर्दा अपनाउनु पर्ने भाषिक चेतनाका बारेमा प्रष्ट पारेको छ ।

९. आगामी दिनमा निबन्धलेखन क्षमतासँग सम्बन्धित अन्य अध्ययन अनुसन्धान गर्न पनि सहयोग गर्नेछ ।

१०. निबन्धलेखनकालागि विद्यार्थीहरूलाई हौसलाका साथै उत्प्रेरणा प्रदान गरी निबन्धलेखनको क्षमता विकास गर्न सहयोग पुग्नेछ ।

# सन्दर्भसामग्री सूची

अधिकारी, हेमाङ्गराज (२०५३), *नेपाली भाषा शिक्षण,* काठमाडौं : कुञ्जल प्रकाशन ।

अधिकारी, हेमाङ्गराज (२०५३), *नेपाली भाषा शिक्षण केही परिप्रेक्ष्य तथा पद्धति* (चौ.सं.), काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

आचार्य, कल्पना (२०६७), 'स्याङ्जा जिल्ला कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन,' स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

खड्का, अमर सिंह (२०६९), 'रुकुम जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमतको अध्ययन' स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

खनाल, उत्तमराज (२०६७) 'कास्की जिल्लामा कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन' स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

खनाल, कल्पना (२०७०), 'गुल्मी जिल्ला कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमतको अध्ययन' स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

चापागाइँ, सुरेन्द्र (२०६६), 'कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन' स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

डोटेल, गंगा (२०७२), 'स्याङ्जा जिल्ला कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन' स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

ढकाल, शान्तिप्रसाद (२०६३), *सामान्य भाषा विज्ञान* (दो.सं.) काठमाडौं : शुभकामना बुक्स एण्ड स्टेनसरी ।

दौल्याल, रणबहादुर (२०६४), 'कञ्चनपुर जिल्ला कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन' स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

निरौला, दिपकबाबु (२०६२), 'कक्षा नौ पुरा गरेका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन' स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

भण्डारी, द्वारिका (२०६३), 'कक्षा आठ पुरा गरेका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

भण्डारी, पारसमणि र अन्य (२०६४), *नेपाली गद्य र नाटक,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

रोकाय, मनबहादुर (२०६५), 'कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन' स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग त्रि.वि. कीर्तिपुर ।

लामिछाने, यादवप्रकाश (२०५७), नेपाली भाषा शिक्षण परिचय काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदार र पौडेल, माधवप्रसाद (२०६०), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौं : न्यूहिरा बुक्स ।

शर्मा, गोपीकृष्ण (२०५५), *नेपाली निबन्धको परिचय,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

# परिशिष्ट (क)

अध्ययनका क्रममा प्रतिनिधि नमुनाका रूपमा छनोट गरिएको सामुदायिक र संस्थागत विद्यालयको नामावली

**सामुदायिक विद्यालयको नामावली**

१.	देवी उच्च माध्यमिक विद्यालय, बिर्तामोड

२.	दुर्गा उच्च मा.वि. गरामनी

३.	लक्ष्मी मा.वि. शनिश्चरे

४.	त्रिभुवन मा.वि. बुधबारे

**संस्थागत विद्यालयको नामावली**

१.	रुद्र मेमोरियल उच्च मा.वि., बिर्तामोड

२.	न्युटन्स् एजुकेशन एकेडेमी, बिर्तामोड

३.	कञ्चनजङ्घा उच्च मा.वि., गरामनी

४.	आदर्श शिशु मा.वि., बिर्तामोड

## परिशिष्ट ख

## निबन्धलेखनमा उपयोगमा आएका प्रतिनिधि शीर्षकहरू

१. मेरो जीवनको लक्ष्य

२. नारी शिक्षाको आवश्यकता

**निबन्धलेखन परीक्षण गर्ने तरिका**

प्रतिनिधि छनोटमा परेका झापा जिल्ला कक्षा आठका अध्ययनरत ८० जना विद्यार्थीहरू रहेका छन् । विद्यार्थीहरूमा निबन्धलेखन स्वतन्त्र र निर्देशित गरी दुईवटा शीर्षक दिई लेख्न लगाइएको छ । उक्त शीर्षकहरूमा विद्यार्थीहरूले लेखेका अनुच्छेद परीक्षण निम्नानुसार गरिएको छ ।

**१. विषयवस्तुका आधारमा**

विषयवस्तु उपयुक्त छ कि छैन जाँच्नका लागि पाँच अङ्क छुट्याइएको छ ।

**२. संरचनाका आधारमाः**

विद्यार्थीहरूले प्रस्तुत गरेको आदि, मध्य र अन्त्यको संरचना कस्तो छ सो कुराको लागि दुई अङ्क छुट्याइएको छ ।

**३. शैलीका आधारमा**

भाषा शैलकिो मौलिकता र स्तरीयता छ कि छैन सो कुरा हेरिने छ र भाषाशैलीलाई दुई अङ्क छुट्याइएको छ ।

**४. शुद्धताका आधारमा :**

विद्यार्थीहरूको निबन्धलेखन वर्णविन्यासका दृष्टिले कति शुद्ध छ, हेरिन्छ यसका लागि एक अङ्क छुट्याइएको छ ।

## परिशिष्ट ग

### अध्ययनका क्रममा प्रतिनिधि नमुनाका रुपमा छनोट गरिएका सामुदायिक विद्यालयका विद्यार्थीहरुको नामावली

| क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क | | | |
|---|---|---|---|---|---|
| | | पूर्णाङ्क | मेरो जीवनको लक्ष्य | नारी शिक्षाको आवश्यकता | जम्मा प्राप्ताङ्क |
| १. | अनिस भट्टराई | १० | ४.५ | ४.५ | ९ |
| २. | कुशल कट्टेल | १० | ५ | ५ | १० |
| ३. | सविन परियार | १० | ३ | २ | ५ |
| ४. | सन्तोष सुब्बा | १० | ४ | ३ | ७ |
| ५. | सङ्गम विसुङ्खे | १० | २ | २ | ४ |
| ६. | लक्ष्मी ढकाल | १० | ६ | ६.५ | १२.५ |
| ७. | अप्सना गौतम | १० | ५ | ४ | ९ |
| ८. | ऋतु डाँगी | १० | ३ | २ | ५ |
| ९. | सोविका रसाइली | १० | २ | २ | ४ |
| १०. | शुशिला तामाङ | १० | २.५ | २.५ | ५ |
| ११. | चुडामणि ढुङ्गेल | १० | ५ | ४ | ९ |
| १२. | रोसन खड्का | १० | ३.५ | २ | ५.५ |
| १३. | उत्सव दाहाल | १० | ४.५ | ४ | ८.५ |
| १४. | पुजन श्रेष्ठ | १० | ३.२ | ३.५ | ६.५ |
| १५. | अभिषेक तामाङ | १० | ३ | २ | ५ |
| १६. | अञ्जना कट्टेल | १० | ८ | ८ | १६ |
| १७. | पवित्रा पौडेल | १० | ४.५ | ४.५ | ८.५ |
| १८. | सरीता रावल | १० | ८ | ७ | १५ |
| १९. | पार्वती मगर | १० | ६.५ | ६ | १२.५ |
| २०. | रेश्मा राई | १० | ५ | ४ | ९ |

| | | | | | |
|---|---|---|---|---|---|
| २१. | दिपक भट्टराई | १० | ५.५ | ३.५ | ९ |
| २२. | रञ्जन ढुङ्गेल | १० | ६ | ७ | १३ |
| २३. | गंगा सङ्ग्रौला | १० | ५.५ | ५.५ | ११ |
| २४. | रोशन राजवंशी | १० | ३.५ | ३ | ६.५ |
| २५. | एलिस लिम्बु | १० | ४ | ३ | ७ |
| २६. | कृतिका दाहाल | १० | ४ | ५.५ | ९.५ |
| २७. | दिपिका प्रसाई | १० | ३ | ३.५ | ६.५ |
| २८. | शोभा मुर्मु | १० | ४ | ३.५ | ७.५ |
| २९. | पूर्णिमा ताजपुरिया | १० | ६.५ | ६ | १२.५ |
| ३०. | विमला लिम्बु | १० | ३ | २.५ | ५.५ |
| ३१. | विवेक वाग्ले | १० | ३.५ | २.५ | ६ |
| ३२. | आषिश बुढाथोकी | १० | ४ | ३ | ७ |
| ३३. | अभिनास कार्की | १० | ३.५ | ३ | ६.५ |
| ३४. | अमित राजवंशी | १० | ४ | ४ | ८ |
| ३५. | मनिस श्रेष्ठ | १० | ३ | ४ | ७ |
| ३६. | रविना ढकाल | १० | ३.५ | २ | ५.५ |
| ३७. | गोमा कटुवाल | १० | २ | २ | ४ |
| ३८. | प्रतिभा परियार | १० | ५.५ | ४.५ | १० |
| ३९. | अरुणा दर्जी | १० | ४ | ६ | १० |
| ४०. | पुजा राजंवशी | १० | १ | २ | ३ |

# परिशिष्ट घ

## अध्ययनका क्रममा प्रतिनिधि नमुनाका रुपमा छनोट गरिएका संस्थागत विद्यालयका विद्यार्थीहरुको नामावली

| क.सं. | विद्यार्थीहरुको नाम | प्राप्ताङ्क | | | |
|---|---|---|---|---|---|
| | | पूर्णाङ्क | मेरो जीवनको लक्ष्य | नारी शिक्षाको आवश्यकता | जम्मा प्राप्ताङ्क |
| १. | मनिस पाण्डे | १० | ८ | ७ | १५ |
| २. | कविन आचार्य | १० | ४ | ४ | ८ |
| ३. | कलम डाँगी | १० | २.५ | २ | ४.५ |
| ४. | सुलभ बानिया | १० | ३ | २ | ५ |
| ५. | अभिषेक गुरुङ | १० | ६ | ६.५ | १२.५ |
| ६. | स्वस्तिका देवकोटा | १० | ६ | ६.५ | १२.५ |
| ७. | समीक्षा भारती | १० | ५ | ५.५ | १०.५ |
| ८. | कृष्टिना गौली | १० | ६ | ७ | १३ |
| ९. | खुश्वु अग्रवाल | १० | ८ | ८ | १६ |
| १०. | साजना तामाङ | १० | २ | २ | ४ |
| ११. | उज्वल खरेल | १० | ६.५ | ५.५ | १२ |
| १२. | विवेक थापा | १० | ४.५ | ३ | ७.५ |
| १३. | राहुल महेश्वरी | १० | ७ | ५ | १२ |
| १४. | साहिन अन्सारी | १० | २ | २ | ४ |
| १५. | आदित्य प्रधान | १० | ४ | ३ | ७ |
| १६. | एलिजा प्रसाइ | १० | ६.५ | ६.५ | १२.५ |
| १७. | वर्षा बजगाई | १० | ५ | ६ | ११ |
| १८. | सलोवी बन | १० | २ | २.५ | ४.५ |
| १९. | रेजिना राई | १० | ४ | ४.५ | ८.५ |
| २०. | श्रुति राजवंशी | १० | ४ | ५ | ९ |

| | | | | | |
|---|---|---|---|---|---|
| २१. | विवेक अधिकारी | १० | ३.५ | २ | ५.५ |
| २२. | सागर ढकाल | १० | ५.५ | ६.५ | १२ |
| २३. | निश्चल शिवाकोटी | १० | २.५ | २.५ | ५ |
| २४. | राहुल चौधरी | १० | ४.५ | ४.५ | ९ |
| २५. | विकाश महर्जन | १० | ५ | ४ | ९ |
| २६. | सिञ्चन खतिवडा | १० | ३ | ४.५ | ७.५ |
| २७. | सिर्जना रिजाल | १० | ४.५ | ४.५ | ९ |
| २८. | एलिसा कुमाल | १० | ६.५ | ६ | १२.५ |
| २९. | स्वस्तिका लामगादे | १० | ५ | ५ | १० |
| ३०. | रुबी आङ्दाम्बे | १० | ८ | ८ | १६ |
| ३१. | सन्जल भट्टराई | १० | ६.५ | ५.५ | १२ |
| ३२. | विनायक अधिकारी | १० | ५ | ४.५ | ९.५ |
| ३३. | अभिषेक थपलिया | १० | ६.५ | ४.५ | ११ |
| ३४. | हर्षित जजोडिया | १० | ७ | ६ | १३ |
| ३५. | मनोज श्रेष्ठ | १० | ४ | ३ | ७ |
| ३६. | प्रियंका उप्रेती | १० | ६.५ | ६ | १२.५ |
| ३७. | विधा रेग्मी | १० | ६.५ | ४.५ | ११ |
| ३८. | निरु गुप्ता | १० | ४ | ४ | ८ |
| ३९. | बविता सुनुवार | १० | ५.५ | ३.५ | ९ |
| ४०. | सुनिता तामाङ | १० | २.५ | २.५ | ५ |

# व्यक्तिगत विवरण

| | | |
|---|---|---|
| **नाम** | : | **चन्द्रकला नेपाल** |
| जन्ममिति | : | २०४३/०६/०३ |
| बुबाको नाम | : | दिननाथ नेपाल |
| आमाको नाम | : | धनरूपा नेपाल |
| श्रीमानको नाम | : | विक्रम दाहाल |
| नागरिकता | : | नेपाली |
| धर्म | : | हिन्दु |

**शैक्षिक विवरण**

| | | | |
|---|---|---|---|
| १. | एस.एल.सी. | : | बुद्ध आदर्श माध्यमिक विद्यालय, बुधबारे |
| २. | प्रमाणपत्र तह | : | कञ्चनजङ्घा उच्च मा.वि., बुधबारे |
| ३. | स्नातक तह | : | कन्काई बहुमुखी क्याम्पस, सुरूङ्गा |
| ४. | स्नातकोत्तर तह | : | त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं |